वर्ष : २०, अंक : ०६, काठमाडौं, २०८१ जेठ ११ गते शुक्रबार, 24 May, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## गलत बाटो छोडेर मूलधारमा फर्किन उपेन्द्र यादवको आह्वान



काठमाडौं । जनता समाजवादी पार्टी, नेपालबाट अलग भएर फरक पार्टीमा लागेका सबै तह तप्काका नेता कार्यकर्ताहरुलाई मूलधारमा फर्किन अध्यक्ष उपेन्द्र यादवले आह्वान गरेका छन् ।

अध्यक्ष यादवले शुक्रबार आह्वान गर्दै भनेका छन्, 'जनताको एजेण्डा बोक्न नसकी फरक पार्टीमा लागेकाहरुसँग जानु भएका पार्टीका विभिन्न तह तप्काका साथीहरुलाई मूलधारमा फर्कन आह्वान गर्दछौं ।'

जनता समाजवादी पार्टी, नेपाल एक विशिष्ट सोच, सिद्धान्त र एजेण्डा बोकेको पार्टी हो । जसले उत्पीडित राष्ट्रियताको मुक्ति, हिमाल, पहाड र तराई / मधेशबीचको पारस्परिक सम्मान र एकता निर्माण गर्ने सङ्गठन भएकोले पार्टीको काँधमा रहेको ऐतिहासिक अभिभाराप्रति सचेत रहँदै समाजवादी आन्दोलन, पहिचान, संघीयता र लोकतान्त्रिक गणतन्त्र लगायतका सवालमा प्रतिबद्ध भएर पनि भ्रमवश फरक पार्टीमा गएकाहरुलाई गलत बाटो छोडेर आफ्नो मूलधारको जनता समाजवादी पार्टी, नेपालमा फर्किन उनले आह्वान गरेका हुन् ।

## लोसपा पनि महाधिवेशनको तयारीमा जुट्यो



मनिष मिश्र
महासचिव, लोसपा नेपाल

काठमाडौं । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पनि महाधिवेशनको तयारीमा जुटेको छ । आगामी वर्ष अर्थात् २०८२ सालको बैशाखमा महिनामा लोसपाको महाधिवेशन सम्पन्न गर्ने लक्ष्यसहित तयारीमा तीव्रता दिएको छ । लोसपाले महाधिवेशन तयारीस्वरुप देशव्यापीरुपमा सदस्यता वितरण अभियान चलाएको छ ।

शिथिल अवस्थामा रहेको लोसपा अहिले आफ्ना विभिन्न गतिविधिहरु गर्दै आएको छ । लोसपाले जेठ ११ गते शुक्रबार जनकपुरधाम, १२ गते सिरहा र सप्तरी र १३ गते सर्लाहीमा सदस्यता वितरण कार्यक्रम आयोजना गर्न लागेको महासचिव मनिष मिश्रले जानकारी दिएका छन् । उनले लोसपा आगामी वर्षको बैशाखमा महाधिवेशन सम्पन्न गर्ने गरी तयारीमा जुटेको बताएका हुन् । लोसपा गठनको लामो समयपछि केन्द्रीय समिति विस्तार गरेको थियो ।

### शक्ति सञ्चय गर्दै राष्ट्रिय मुक्ति क्रान्ति

# असारमा राजेन्द्र महतोले पार्टी घोषणा गर्ने !

**मधेशवाणी डेस्क**



काठमाडौं । बहुलराष्ट्रिय राज्य स्थापनार्थ पूर्वउपप्रधानमन्त्री राजेन्द्र महतोले सञ्चालन गरेको राष्ट्रिय मुक्ति क्रान्तिले एकमहिने राष्ट्रव्यापी कार्यक्रम सार्वजनिक गरेको छ । एक महिनासम्म लगातार देशव्यापी कार्यक्रमहरुबाट आएका सल्लाह र सुझावअनुसार महतोले नयाँ दल पनि घोषणा गर्ने योजनामा रहेका छन् । लोसपाबाट अलगिगएर अभियान सञ्चालन गरेका महतो अब मधेशी मात्रै होइन, देशका सम्पूर्ण अधिकार र पहिचानवादीलाई समेटेर नयाँ वैकल्पिक राजनीतिक दलको तयारी गर्दै छन् ।

राष्ट्रिय मुक्ति क्रान्तिले शनिबार काठमाडौंमा पत्रकार सम्मेलन गरी देशव्यापी एक महिनासम्म लगातार विभिन्न कार्यक्रमहरु सार्वजनिक गरेको हो । राष्ट्रिय मुक्ति क्रान्तिको यो दोस्रो चरणको कार्यक्रम हो । राष्ट्रिय मुक्ति क्रान्तिको गभर्निङ्ग काउन्सिलको जेठ १ देखि ३ गतेसम्म र मधेश-थरुहटका नेताहरुसँग जेठ ३ देखि ५ गतेसम्म भएको बैठकबाट पारित दोस्रो चरणको कार्यक्रम र निर्णयहरु पत्रकार सम्मेलनमार्फत् घोषणा गरिएको छ ।

जेठ ६ गतेदेखि सुरु भएको कार्यक्रमहरुमा देशैंभर सयौं भेटघाट, प्रशिक्षण र तयारी कार्यक्रमहरुमा जेठ २१ गते दाङ, जेठ २६ गते विराटनगर, जेठ २९ गते बुतिबाङ, असार १ गते लालबन्दी र असार ४ गते फिब्व ख्य: काठमाडौंा विशाल जनप्रदर्शन गरिने जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

१२ जेठमा पाँचथरको फेदेनमा आमसभा राखेको मुक्ति क्रान्तिले १६ जेठमा सडक निर्माणमा भइरहेको ढिलाइको विरोधमा ककनीमा प्रदर्शन गर्ने घोषणा गरेको छ । त्यस्तै १७ जेठमा भोजपुरमा र १९ जेठमा धरानमा आमसभा राखेको छ । महतोले २१ जेठमा दाङको घोराही र २४ जेठमा काठमाडौंको इटुम्बहालमा आमसभा राखेको जानकारी दिएका छन् ।

२६ जेठमा विराटनगरमा कोशी नामकरणको विरोधमा प्रदर्शन, २९ जेठमा ढोरपाटन शिकार आरक्षविरुद्ध प्रदर्शन, १ असारमा सर्लाहीको लालबन्दीमा मधेशी पहाडी एकता प्रदर्शनी र ४ असारमा काठमाडौंको माइतीघरबाट स्वशासन विधान घोषणा राखिएको संयोजक महतोले प्रेस विज्ञप्ति मार्फत जानकारी दिएका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी छाडेको घोषणा पहिला नै गरिसकेका छन् । महतोले आदिवासी जनजातिका अधिकारका लागि वकालत गर्ने बुद्धछिरिङ मोक्तानसँग मिलेर 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियान घोषणा गरेका छन् । अभियानमार्फत वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै उनले बहुल राष्ट्रिय राज्य स्थापनाको एजेण्डामा सहमत भए आफ्नो पूर्व पार्टी लोसपा पनि यसमा आउनसक्ने बताए । 'यो अभियान हो, यसले पार्टीको रुप ग्रहण गरिसकेको छैन' महतोले आह्वान गर्दै भनेका छन्, 'यससँग विचार मिल्ने जो सुकै जोडिनसक्छन् ।'

## 'सशक्त महिला समृद्ध नेपाल' अभियान सञ्चालन



जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका सहित मधेश प्रदेशको १२ वटा पालिकामा महिलाहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्नका लागि "सशक्त महिला समृद्ध नेपाल" अभियान सञ्चालनमा आएको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा संयुक्त राष्ट्रसङ्घीय चार निकायको समन्वयमा अभियान सञ्चालनमा आएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका मधेश प्रदेशका प्रमुख डा. नरेन्द्र कुमार मिश्रले जानकारी दिनुभयो । अभियान चार वर्षसम्म सञ्चालन हुने छ ।

यस कार्यक्रम अन्तर्गत मधेश प्रदेशका जिल्लाहरूमा महिला तथा बालबालिकाका मुद्दाहरूको सम्बोधनका साथै आर्थिक सशक्तीकरणका लागि राष्ट्र संघका युनिसेफ, युएनडिपी, आइएलओ तथा यूएनएफपिएले सहजिकरण गर्ने भएको छ ।

लाइफ नेपालसँगको सहकार्यमा जनकपुरधाम उपमहानगरपालिकाका सबै वडामा कार्यक्रम सञ्चालनमा आएको छ । कार्यक्रमलाई प्रभावकारी किसिमले सञ्चालन गर्नेबारे उपमहानगरपालिकाका पदाधिकारीसहित उच्च पदस्थ अधिकारीहरुसंग अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका महिला तथा बालबालिकाहरूको आर्थिक तथा सामाजिक विकास मार्फत नेतृत्व क्षमताको विकासका लागि सबै वडामा सञ्चालन गरेकाले सफल बनाउन आग्रह गरेका थिए ।



डा.शरद सिंह यादव
प्रवक्ता, जनमत पार्टी

## जनमत पार्टीको 'नौलो गणतन्त्र सामाजिक लोकतन्त्र' अवधारणाले मात्र देशले निकास पाउँछ

अन्तर्वार्ता पृष्ठ ३ मा

## जनकपुरधाममा पत्रकारहरू किन असुरक्षित हुँदैछन् ?

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाम सञ्चारकर्मीहरुका लागि असुरक्षित बन्दै गएको छ । धनुषा जिल्लामा एक महिना नबित्दै फेरि एक पत्रकारको सवारी दुर्घटनामा मृत्यु भएको छ ।

जनकपुरधामको थापाचोकमा शुक्रबार राति कारले मोटरसाइकलमा ठक्कर दिँदा राजधानी जनकपुर अनलाइनमा कार्यरत पत्रकार ३२ वर्षीय शिवेन्द्र रोहिताको घटनास्थलमै मृत्यु भएको हो ।

थापाचोकमा बा२१च ३३४३ नम्बरको कारले रोहिता सवार प्रदेश२ज ५६९४ नम्बरको मोटरसाइकलमा ठक्कर दिंदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार मोटरसाइकलमा पछाडि बस्ने मृतक रोहिताका साथी २५ वर्षीय जयनाथ यादव घाइते भएका छन् । उनको जनकपुरको सीता अस्पतालमा उपचार भइरहेको छ ।

मृतक पत्रकार रोहिता धनुषाको शहीदनगर नगरपालिका ८ का बासिन्दा हुन् ।

कार र चालकलाई नियन्त्रणमा लिएर प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

यसअघि, गत बैशाख ११ गते विहान करिब ३:४७ बजेको समयमा ढल्केवर-जनकपुरधाम सडकखण्डमा धनुषाधाम नगरपालिका वडा नम्बर ५ नौयसविघा बस्ने पत्रकार विनय कुमार यादवको शंकास्पद मृत्यू भएको थियो । उनी न्यूजब्युरो डटकमका कार्यकारी सम्पादक थिए ।

स्व.पत्रकार यादवको हत्या भएको शंकामा धनुषा प्रहरीले चार जनामाथि मुद्दासमेत दायर गरेको छ ।

यस्तै, मृतक पत्रकार रोहिताको पनि हत्या भएको हुन सक्ने आशंका गरिँदैछ ।

## नेपाल-भारतबीचको अद्वितीय र समृद्ध बौद्ध सम्बन्धबारे विचार गोष्ठी

लुम्बिनी । बुद्ध जयन्तीको अवसरमा नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष तथा लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा लुम्बिनीमा विभिन्न कार्यक्रमहरुको आयोजना गरेको छ ।

बुधबार लुम्बिनी बौद्ध विश्वविद्यालयमा "बुद्ध धर्म र वैश्विक शान्ति" विषयकमा आयोजित विचार गोष्ठीसँगै कार्यक्रमको भएको हो । भारत र नेपालका विशिष्ट बौद्ध विद्वानहरुले उक्त गोष्ठीमा सहभागीता जनाई आधुनिक जगतमा भगवान् बुद्धका शिक्षाको सान्दर्भिकताका बारेमा आ-आफ्ना विचार, अन्तर्दृष्टि साझा गरेका थिए । उनीहरुले भारत र नेपालबीचको अद्वितीय र समृद्ध बौद्ध सम्बन्धबारे प्रकाश पारेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित थिए । लुम्बिनीमा बुद्ध जयन्ती मनाउने क्रममा यस विशेष कार्यक्रमको मुख्य आकर्षण लुम्बिनी साँस्कृतिक नगरपालिकास्थित राजकुमार सिद्धार्थ प्रतिमा, पवित्र उद्यान नजिकै आयोजित चित्रकला प्रदर्शनी र साँस्कृतिक साँझ रहेको थियो ।



'भगवान् बुद्ध र वहाँका शिक्षाहरु' सम्बन्धी चित्रकला प्रदर्शनीको उद्घाटन प्रधानमन्त्री प्रचण्डले गरेका थिए, जसमा काठमाडौं र लुम्बिनीका विद्यालयका विद्यार्थीहरुले तयार पारेका उत्कृष्ट चित्रहरु राखिएका थिए। यी चित्रहरुमा भगवान् बुद्धको जीवन र शिक्षाका विभिन्न पक्षहरुलाई चित्रण गरिएको थियो।

वैशाख बुद्ध पूर्णिमाको पूर्वसन्ध्यामा आयोजित साँस्कृतिक साँझमा भारत र नेपालका साझा बौद्ध सम्पदा र परम्परा झल्काउने जीवन्त प्रस्तुतिहरु समावेश थिए । हिनयान र महायान परम्पराका परम्परागत जपको बौद्ध भिक्षुहरुले पाठ गरेसँगै कार्यक्रमको सुरुवात भएको थियो जसको आयोजना लुम्बिनी विकास कोषले गरेको थियो ।

भारतकी कविता द्विवेदी र उनको नृत्य टोलीद्वारा 'श्वेत मुक्ति-द फेमिनिन ग्लोरी अफ निर्वाण' शीर्षकमा नृत्य, प्रसिद्ध भारतीय गायिका डा. सुभद्रा देसाईद्वारा भजन र धम्म गीतहरुको मार्मिक प्रस्तुति र सुरेन्द्र श्रेष्ठको नेतृत्वमा प्रख्यात नेपाली साङ्गीतिक समूह 'सुर सुधा' द्वारा बौद्ध गीतहरुको भावपूर्ण साङ्गीतिक संग्रहको प्रस्तुति कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

आफ्नो स्वागत मन्तव्यमा राजदूत नवीन श्रीवास्तवले भारत र नेपालको साझा बौद्ध विरासत र सम्पदा एक कडीको रुपमा रहेको जसले दुवै देशका जनतालाई शताब्दीयौंदेखि जोडेको बताउनुभयो। नेपालको लुम्बिनी र भारतको बोधगया, सारनाथ र कुशीनगर पवित्र भूमिहरु हुन् जहाँबाट भगवान् बुद्धको सर्वव्यापी शिक्षा विश्वका अन्य भागहरुमा फैलिएको थियो।

राजदूतले भारत र नेपालका जनताको कल्याण हेतु वर्तमान समयमा यो साझा विरासतलाई सुदृढ गर्न भारतको प्रतिबद्धता निरन्तर रहिरहने कुरामा जोड दिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सुन्दर चित्रकला प्रदर्शनी र जीवन्त साँस्कृतिक कार्यक्रमका लागि भारतीय राजदूतावास र सबै कलाकारहरुको प्रशंसा गरे । प्रधानमन्त्रीले भारत र नेपालको द्विपक्षीय सम्बन्धमा संस्कृतिले विशेष स्थान ओगटेको र यस्ता कार्यक्रमले हाम्रा दुई देशबीचको मित्रता र सद्भावको बन्धनलाई थप मजबुत बनाउने बताए । उनले यस्ता कार्यक्रम गर्वको स्रोत मात्र नभई ज्ञानको खजाना रहेको बताए । उनले विभिन्न क्षेत्रबीचको सहकार्यले मजबुत बनाएको नेपाल र भारतबीच सदियौं पुरानो, बहुआयामिक सम्बन्ध रहेको बताए ।

कार्यक्रममा नेपालका उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङ, लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोख बहादुर महरा, कैयौं वरिष्ठ प्रदेशीय नेताहरु लगायत लुम्बिनी विकास कोषका उपाध्यक्ष तथा वरिष्ठ पदाधिकारीको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा भारत र नेपालका विभिन्न बौद्ध सम्प्रदाय र गुम्बाका प्रतिनिधिहरुका साथै सर्वसाधारणको पनि बाक्लो उपस्थिति रहेको थियो।

राजदूत श्रीवास्तवले प्रधानमन्त्री 'प्रचण्ड' लाई भारतको सिक्किमको विस्तृत रुपले चित्रण गरिएको थाङ्का चित्र उपहारस्वरुप प्रदान गरेका थिए ।

## सम्पादकीय

# बुद्धको जन्मभूमिमा अशान्ति किन ?

विश्व शान्तिका दूत मानिने भगवन गौतम बुद्धको जन्मभूमि आज रणभूमिमा परिणत भएको छ । शान्तिका अग्रदूत भगवान सिद्धार्थ गौतम बुद्ध वैशाख पूर्णिमामा जन्मिए । वैशाख पूर्णिमामै बुद्धत्व ( ज्ञान) प्राप्त गरे । यतिमात्र होइन, उनले वैशाख पूर्णिमामै ज्ञान बाँडे र वैशाख पूर्णिमाकै दिन मृत्युवरण गरे । दरबारमा जन्मिएर सुख सयलमा हुर्किएका सिद्धार्थ गौतम संसार बुझ्न र ज्ञानको खोजीमा दरबार छोडेर निस्किए । उनी परिवारको ईच्छा विपरीत दरबारबाट भागेर ज्ञानको खोजीमा निस्किएका थिए । कठोर तपस्यापछि उनमा अदभुत् ज्ञान (बुद्धत्व) प्राप्त भयो । बुद्धले विश्वभरि शान्ति र अहिंसाको सन्देश फैलाए । बुद्धको जन्म लुम्बिनीमा भएको थियो । अहिले यो ठाउँ अबौं बौद्धिष्टहरुको आस्थाको केन्द्र बनेको छ । अहिले उनका अनुयायीहरु विश्वभरि छन् । उनलाई शान्तिका भगवानको रुपमा पूजा गरिन्छ ।

सिद्धार्थ गौतम शान्ति र सुलहको मार्गमा दृढ थिए । जात-वर्ण व्यवस्था, छूत-अछूतको सामाजिक संरचनाको घोर बिरोधी थिए । धर्मको नाममा अत्याचार, कसैको जन्मको कारणले श्रेष्ठता र कसैको उही कारणले जीवन नै अपमानित गरिनुको बिरुद्ध थिए । जसरी उनले आफ्नो शिष्य आनन्दलाई भनेका थिए, आहारको मामिलामा उनी खुला र उदार थिए । तर, इश्वरको नाममा जीवजन्तुको हत्या अर्थात् बलिप्रथालाई कदापि उचित मान्दैनथ्ये । मानव-मानव बीच समानता उनको अटल मान्यता थियो ।

वास्तवमा, बुद्धको विचार एवं मान्यता मानव धर्म र समाजवादको अनौठो एवं हुनु पर्ने मिश्रणको आदर्श रुप हो । हामी गौतम बुद्धको गुणगाण गाउँछौं । बुद्धको जन्मप्रति गौरव गर्छौं । तर, बुद्धले जुन मार्गदर्शन गरे, त्यो बाटोमा हिँड्ने प्रयास भने गर्दैनौं । वास्तवमा भगवान बुद्धले आफुलाई पूज्य बनाउनका लागि कुनै उपदेश दिएका थिएनन् । खासमा त्यो कुरालाई सम्पूर्ण मानव जातिले सुन्नेछन्, बुझ्नेछन् र आफ्नो जीवनमा उपयोग गर्नेछन् भन्नका खातिर उनले बुद्ध दर्शनको प्रतिपादन गरेका थिए । स्वास्थ्य सबैभन्दा ठूलो उपहार हो । सन्तोष सबैभन्दा ठूलो धन हो । बफदारी सबैभन्दा ठूलो सम्बन्ध हो । तीन चिज धेरै लामो समयसम्म लुक्दैन । सूर्य, चन्द्रमा र सत्य । आफ्नो मोक्षको लागि स्वयम् प्रयास गर । अर्कामा निर्भर नगर । घृणा, घृणाले होइन प्रेमले अन्त्य हुन्छ । यो शाश्वत सत्य हो ।

बिना स्वास्थ्य जीवन, जीवन होइन । केवल एक पीडाको स्थिती हो । मृत्युको छवी हो । सत्यको मार्गमा चलिरहेको व्यक्तिले केवल दुई गल्ती गर्न सक्छन् । एक, पुरा बाटो तय नगर्ने । अर्को, यसको सुरुवात पनि नगर्ने । चाहे तिमी जतिसुकै पवित्र शब्द पढ वा बोल । त्यसले तिमीलाई के भलो गर्छ, जबसम्म त्यसलाई उपयोग गर्दैनौं । इच्छा कहिल्यै अन्त्य हुँदैन । यदि तिम्रो एउटा इच्छा पुरा भयो भने, दोस्रो इच्छा तुरुन्तै जन्मन्छ । अज्ञानी मानिस एक बेल समान हुन् । उनी ज्ञानमा होइन, आकारमा बढ्छ । ईर्ष्या र गुनासोको आगोमा जलिरहेका मानिसमा खुसी र हासोको स्थान हुनसक्दैन । यदि तपाई अध्यारोमा डुबिरहनुभएको छ भने, उज्यालोको खोजी किन गर्नुहुँदैन ? एक जागेका व्यक्तिलाई रात निकै लामो लाग्छ, एक थकित व्यक्तिलाई गन्तव्य धेरै टाढा लाग्छ ।

यसै किसिमले सच्चा धर्मबाट बेखबर मूखका लागि जीवन-मृत्युको सिलसिला उत्तिनै लामो लाग्छ । अतितमा ध्यान केन्द्रित नगरौं, न भविष्यका लागि सपना देख्नु । बरु आफुलाई वर्तमानमा केन्द्रित गरौं । तपाई आफ्नो रिसको कारण दण्डित हुनुभएको छैन । तपाई आफ्नो रिसद्वारा दण्डित हुनुभएको छ । मन सबैथोक हो । जसरी तिमी सोच्छौं, त्यस्तै बन्छ । सबै व्यक्तिलाई सजायदेखि डर लाग्छ । सबै मृत्युदेखि डराउँछन् । बाँकी व्यक्ति तथा प्राणी पनि तिमीजस्तै हो । कसैलाई दुख नदेउ, कसैलाई नमार । सबै नराम्रो कुराबाट टाढा रहनका लागि राम्रो कुराको विकास गरौं । आफ्नो मनमा राम्रो विचार राखौं । यस्ता भगवान गौतम बुद्धको उपदेश रहेका छन् । तर विश्वलाई शान्तिको मार्ग दिने भगवान गौतम बुद्धको देशमा शान्तिको खोजी भइरहेको छ । भगवान गौतम बुद्धका उपदेश र उहाँले देखाउनुभएको मार्गदर्शनलाई आत्मसात् गर्नुका साथै आफ्नो व्यवहारमा लागू गरे मात्र हामी वास्तविक रुपमा बुद्धका देशका हामी नागरिक हौं भन्न सुहाउँछ ।

# अष्ट चिरञ्जीवीको आराधना : चिरायुको आशीष



अजय कुमार झा

अष्ट चिरञ्जीवीको संस्कृत श्लोकमा अश्वथामा, दैत्यराज बलि, वेदव्यास, हनुमान, विभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेय ऋषिको नाम उल्लेख भए पनि अष्ट चिरञ्जीवीको नाममा कतैकतै युधिष्ठिर, भीष्म, विश्वामित्र जस्ता दिव्य पुरुषहरूको नाम पनि उल्लेख भएको देखिन्छ ।

विराटनगर महानगरपालिका वडा नं. ८ मधुमारामा एउटा मंदिर छ, अष्ट चिरञ्जीवी मंदिर । अष्ट चिरञ्जीवीको मंदिर बिरलै भेटिने मंदिर हो । अन्य प्रमुख देवी-देवताको मंदिरमा यदाकदा अष्ट चिरञ्जीवीका मूर्तिहरू पनि राखिएका हुन्छन् तर अष्ट चिरञ्जीवीकै मंदिर भनेर बिरलै भेटिन्छन् ।

विराटनगर रंगेली रोडमा स्थित देवकोटा चोकबाट दक्षिणतर्फ दुईवटा बाटो गएको छ । पूर्वपट्टिको मधुमारा पथ र पश्चिमपट्टिको धर्मबाँध मार्गमा सय मिटर जति हिँडे अष्ट चिरञ्जीवी मंदिर आई हाल्छ । यी दुई मार्गबीचको अन्तर दूरी यो ठाउँमा ५० मिटर छ, जहाँ यो मंदिर अवस्थित छ । दुबै मार्गबाट मंदिरमा प्रवेश गर्ने द्वार बनाइएको छ तर मूल प्रवेशद्वार पूर्वपट्टिको हो ।

वि.सं. २०६५ असार २५ गतेमा मंदिरको प्राण प्रतिष्ठा भएको हो । निर्माण भएको हो । मन्दिरको गर्भगृहमा क्रमश: अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य परशुराम र मार्कण्डेयको प्रतिमा स्थापित छ । मंदिरको प्राङ्गणमा नवग्रह यन्त्रको स्थापना गरिएको छ भने गमलामा वर र पिपल पनि लगाइएको छ । मंदिर परिसरमा दुईतले कक्ष (हल) का साथै बलि सभाकक्ष, कृपाचार्य कुटी, परशुराम कक्ष, व्यास बगैंचा नामकृत संरचनाहरू पनि छन्, जसले मंदिरलाई उत्कृष्ट र दर्शनीय बनाएको छ । श्री बाल संस्कार तथा युवा जागृति केन्द्रको संस्थागत व्यवस्थापन रहेको यस मंदिरको निर्माता मार्कण्डेय आचार्य हुन् । मन्दिरमा हरेक वर्ष हजारौं भक्तजन आशीर्वाद लिन आउँछन् । मन्दिरले वार्षिक उत्सव र विशेष कार्यक्रमहरू आयोजना गर्दै आएको छ । खासगरी जन्मदिन मान्नेहरू आ-आफ्नो जन्म दिवसमा मंदिरमा गएर अष्ट चिरञ्जीवीको पूजा अर्चना गर्दछन् र आशीर्वाद लिन्छन् । मंदिरको कार्य समितिमा विनायक कान्त पन्त अध्यक्ष र तीर्थराज कोइराला पुजारी हुन् ।

संस्कृतमा चिरञ्जी भन्ने शब्द छ, जसको अर्थ चिरजीवी हो । चिरकालसम्म बाँच्ने अवस्था । विशेषगरी यस शब्दबाट दिर्घायु हौ भन्ने आशीर्वाद दिने गरिन्छ । चिरंजीवी अमरत्व वा शाश्वतको पर्याय पनि हो । त्यो व्यक्ति या प्राणी जो कहिल्यै मर्दैनन्, चिरंजीवी कहलाउँछन् । यदि हामी कुनै यस्तो व्यक्तिलाई आशीर्वाद दिन चाहन्छौं, जो हाम्रो आशीर्वाद चाहन्छ, तब हामी भन्छौं, "चिरंजीवी भव" अर्थात् चिरजीवी होऊ । जसको भावार्थ हो, "तिम्रो शाश्वत जीवनको कामना गर्दछु" वा "तिम्रो लामो जीवनको कामना गर्दछु"

पौराणिक कथाहरूमा भीष्म पितामहलाई चिरंजीवी हुने वरदान प्राप्त थियो । उनी जुन बेला मर्ने इच्छा गर्थे, त्यतिबेला मर्न सक्थे । उनको एक उपनाम चिरकुमार पनि थियो । धर्तीलाई मर्त्यलोक भनिन्छ । किनभने संसारमा जो जन्मन्छ, उसको मृत्यु अनिवार्य छ ।

पौराणिक कथाहरूमा अमरत्व प्राप्तिको कामना गरेर तपस्या गर्नेहरूको निकै रोचक प्रसंग छन् । सृष्टिकर्ता ब्रह्माले कुनै पनि प्रकारको वरदान दिनुहुन्छ तर अमरता होइन, किनभने अमरत्व सम्भव छैन । अमरत्वको वरदान नपाए पनि मृत्युलाई रोक्ने छेक्ने प्रपञ्चको कुनै न कुनै वरदान लिएर अमरत्वको आभाष दिने चेष्टा गर्छन् । तर मृत्यु भनेको त्यस्तो यथार्थ हो, जो नियत समयमा जुनसुकै प्रपञ्चलाई काट्ने युक्ति लिएर आई छाड्छ ।

अमरत्वको प्राप्ति सम्भव छैन तथापि यो अमरत्व भन्ने शब्द भने बाँचीरहेको छ । अमरत्व र चिरञ्जीव शब्दबीच अन्तर यो छ कि एकको आयु अनन्त र अटूट भनी बुझिन्छ भने अर्कोको आयु अनन्त र अटूट होइन तर कहिलेसम्म हो भन्ने पनि होइन । अर्थात् चिरकालमा पनि यथावत् हो भन्ने बुझिन्छ । अर्थात् चिरञ्जीवीलाई न शाश्वत भनियो न नाशवान नै । यसै अर्थमा पौराणिक केही पात्रहरू छन्, जसलाई चिरञ्जीवी भनिएको छ, जो युगौंदेखि जीवित छन्, चिरन्जीवी छन् । यी चिरञ्जीवीहरूको एक समूह छ, त्यसै समूहलाई अष्ट चिरञ्जीवी (आठ चिरञ्जीवी) भनिएको छ । पौराणिक कथाका अनुसार अष्ट चिरञ्जीवीहरू अझै पनि हामी बीचमा छन् । भनिन्छ, अष्ट चिरञ्जीवीको स्मृतिले मानिसलाई दिर्घायु बनाउँछ ।अष्टचिरञ्जीवीहरु देवतुल्य पुज्य छन् । देवी देवताको पूजाआजामा अष्ट चिरञ्जीवीको पनि पूजा अर्चना गरिन्छ ।

अष्ट चिरञ्जीवीहरू को हुन् भन्ने सन्दर्भमा संस्कृतको एक श्लोक छ- अश्वत्थामा बलिर्व्यासो हनूमांश्च विभीषण: । कृप: परशुरामश्च सप्तएतै चिरजीविन: ।। सप्तैतान् संस्मरेन्नित्यं मार्कण्डेयमथाष्टमम् । जीवेद्वर्षशतं सोपि सर्वव्याधिविवर्जित ।। यस श्लोकको तात्पर्य यो छ कि अश्वत्थामा, दैत्यराज बलि, वेदव्यास, हनुमान, विभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेय ऋषिलाई बिहानै याद गर्नाले सबै रोगको अन्त्य हुन्छ र मानिस १०० वर्षको उमेरमा पुग्छ । उक्त श्लोकमा उल्लेख गरिएका दिव्य पुरुषहरूको पुरुषार्थको विषयमा शास्त्रहरूले निम्न प्रकारले वर्णन गरेको पाइन्छ ।

परशुराम - परशुराम भगवान विष्णुका छैटौं अवतार हुन् । उनी शिवभक्त थिए । कठोर तपस्या गरेर भगवान शिवको वरदान प्राप्त गरे । अधर्मी क्षत्रीयहरूलाई मारेर कुल २१ पटक पृथ्वीलाई क्षत्रीयरहित बनाए । परशु धारण गर्ने भएकोले उनको नाम रामबाट परशुराम भयो । सत्य युगमा अक्षय तृतीयाको दिन जन्मेका परशुरामको उपस्थिति त्रेता र द्वापर युगमा पनि पाइन्छ ।

हनुमान- रामभक्त हनुमानको नाम अष्टचिरञ्जीवीहरूमा पहिले आउँछ । उनलाई कलियुगमा सबैभन्दा छिटो प्रसन्न हुने देवता भनिन्छ । बाल्यकालमा हनुमानले सूर्यलाई निल्दा इन्द्रले उनलाई वज्र प्रहार गरेका थिए । जसका कारण उहाँको मृत्यु भएको थियो । यो घटनाले वायुदेवलाई रिस उठ्यो र उनलाई शान्त पार्न सबै देवताहरूले मिलेर हनुमानलाई बल, बुद्धि र दीर्घायुको आशीर्वाद दिएका थिए । त्यही दिर्घायुको वर प्राप्तिले गर्दा उनी चिरञ्जीवी भए । एक अर्को प्रसङ्गका अनुसार रक्षराज रावणले अपहरण गरी अशोकवाटिकामा राखिएकी देवी सीताको खोजी गरी हनुमानले उनलाई प्रभु रामको सन्देश दिएका बखत देवी सीता अति प्रसन्न भएकी अवस्थामा हनुमानलाई चिरञ्जीवी होऊ भनी वरदान दिएकी थिइन् ।

विभीषण - विभीषण लंकाका राजा रावणका कान्छो भाइ थिए । विभिषण रक्ष संस्कृतिका भएर पनि भगवान् रामका भक्त थिए । राम र रावण बीच भएको युद्धमा विभिषण रामलाई साथ दिए । युद्धको क्रममा विभीषणले रावणका गुह्य कुराहरू श्रीरामलाई बताए जसले उनलाई रावणको वध गर्न मद्दत गर्यो । रावणको मृत्युपछि भगवान् श्रीरामले विभिषणलाई लंकाका राजा बनाएका थिए । उनले अधर्म विरुद्ध धर्मलाई साथ दिएको हुनाले उनले दीर्घायुको आशीर्वाद पाए ।

महर्षि व्यास - महर्षि पराशर र सत्यवतीका पुत्र कृष्ण द्वैपायन पनि महर्षि भए । कृष्ण द्वैपायनले वेद संकलन, विभाजन र सम्पादन गरेका थिए । उनले अठार पुराण महाभारत, भागवत र वेदान्त आदिको पनि रचना गरेका थिए । पुराणका अनुसार विभिन्न कल्पमा जन्म लिने अट्ठाईस महर्षिहरूले वेदहरू सङ्कलन र विभाजन गरेका थिए । विशेषत: महाभारतमा उहाँको जन्म आदि कथा विस्तृत रूपमा दिइएको छ । वेदका रचनाकार भएकाले उनी वेदव्यासको नामले प्रसिध्द भए । पछि सत्यवतीले हस्तिनापुर नरेश शान्तनुसँग विवाह गरीन् । शान्तनु-सत्यवतीका छोरा विचित्रवर्यको नि:सन्तान मृत्यु भएपछि राजवंशको निरन्तरताका लागि सत्यवतीले द्वैपायनलाई बोलाएर विचित्रवर्यको विधवा पत्नी ( अम्बिका र अम्बालिका) सँग सम्भोग गर्न आदेश दिए, जसबाट धुतराष्ट र पाण्डुको जन्म भयो । उनैको वीर्यबाट विदुरको पनि जन्म भएको थियो । संसार रहुन्जेल वेद रहन्छ र वेद रहुन्जेल वेद व्यास रहन्छन् । त्यसैले वेदव्यास चिरञ्जीवी पुरुष हुन् ।

कृपाचार्य - कृपाचार्य महर्षि गौतमका नाति र महर्षि शरदबतका छोरा थिए । उनी धनुर्विद्यामा निकै निपुण थिए । कृपाचार्य हस्तिनापुर राजपरिवारको कुलगुरु थिए र धृतराष्ट्र एवं पाण्डुको छोराहरूलाई शिक्षा दिएका थिए । कृपाचार्य महाभारत युद्धमा कौरवको पक्षमा थिए तर युद्धमा यिनी जोगिए । युद्ध समाप्त भएपछि हस्तिनापुरका शासक पाण्डु पुत्रका साथ बसे । उनले नै परीक्षितलाई पनि ज्ञान दिएका थिए ।

ऋषि मार्कण्डेय - ऋषि मार्कण्डेयको जन्म छोटो जीवनको भाग्य लिएर भएको थियो । उनी भगवान शिवका परम भक्त थिए र हर क्षण आराध्यमा मग्न रहन्थे । आयु पूरा भएपछि यमदूत आए तर उनी भक्तिमा लीन रहेकाले प्राण हरण गर्न सकेनन् । त्यसपछि यमराज स्वयं आए । यमराजले मार्कण्डेयमाथि यमपास फ्याके । त्यो देखेर शिव क्रोधित भएर यमराजमाथि आक्रमण गरे । त्यो देखेर यमराज भयभीत भए र महादेवसँग माफी मागे र मार्कण्डेयलाई दीर्घायुको वरदान दिए । कालान्तरमा मार्कण्डेय प्रसिद्ध ऋषि कहलाए । शैव ऋषि मार्कण्डेयले महामृत्युञ्जय मन्त्रको निर्माण र सिद्ध गरेर संसारलाई दिएका छन् । यो मन्त्रले अकाल मृत्युबाट रक्षा गर्दछ । उनले पुराणको रचना गरे, जसको नाम मार्कण्डेय पुराण हो । यो प्राचीनतम पुराणमा पर्दछ । यसमा अग्नि, इन्द्र, सूर्य आदि देवताहरूमाथि विवेचन छ र गृहस्थाश्रम, दिनचर्या, नित्यकर्म आदि चर्चा छ । भगवतीको विस्तृत महिमाको परिचय दिने यस पुराणमा दुर्गासप्तशतीको कथा एवं माहात्म्य, राजा हरिशचन्द्रको कथा, मदालसा-चरित्र, अत्रि-अनसूयाको कथा, दत्तात्रेय-चरित्र आदि अनेक सुन्दर कथाहरूको विस्तृत वर्णन छ ।

बलि - असुरराज बलि विष्णु भक्त र परोपकारी थिए । उनी संसारका अद्वितीय दानी कहलाए । शक्तिशाली बलिले पृथ्वी, पाताल र स्वर्ग गरी तीनै लोकको अधिपति बनेका थिए । उनलाई हराउन देवताहरू असफल भएपछि भगवान विष्णुको शरणमा गए ।

तीनै लोकको जीतपछि राजा बलिले अश्वमेध यज्ञको आयोजना गरे । यज्ञादि सम्पन्न गरी दान गर्न थाले । त्यसैबेला श्री विष्णुको पाँचौं अवतार वामन पनि दान लिन त्यहाँ आई पुगे, उनले दानको रूपमा तीन पाइला जग्गा मागे । वामनले आफ्नो पहिलो र दोस्रो पाइलामै सम्पूर्ण पृथ्वी, आकाश र पाताल नापी हाले । अब तेस्रो पाइला कहाँ राख्नु भनी सोधे । बलिसँग अब उनको शरीरबाहेक केही बाँकी थिएन । त्यसैले वामनको तेस्रो पाइला टेक्न बलिले आफ्नो पिठ्युँ अर्पी दिए । यसरी बलिको स्वामित्वमा न शरीर बाँकी रह्यो न राजकाज । वामनले दानमा पाएको स्वर्ग देवराजलाई, धरती र पाताल पनि जजसको स्वामित्वमा थियो, त्यसलाई फर्काई दिए । असुरराज बलि पनि पुन: पातालका राजा भए । बलिको दानशीलताका कारण वामनले उनलाई चिरजीवनको आशीर्वाद दिए ।

अश्वथामा - सबै चिरञ्जीवीहरूमध्ये, अश्वथामा एक मात्र त्यस्तो चरित्र हो, जसले वरदानको रूपमा नभई श्रापको कारणले चिरञ्जीवी मानिएका हुन् । अश्वथामा गुरु द्रोणाचार्यका छोरा र दुर्योधनका मित्र थिए । महाभारत युद्धमा उनी कौरबको पक्षमा थिए । युद्ध समाप्त भइसकेको थियो, कौरब परास्त भइसकेका थिए । दुर्योधन मारिसकेका थिए । दुर्योधनलाई छ्ल गरेर मारेको भनेर अश्वथामामा प्रतिशोधको ज्वाला भडकिरहेको थियो । उनले पाण्डवहरूको राति निद्रामा रहेका छोराहरूलाई मारिदिए । साथै अर्जुनकी पत्नी सुभद्राको गर्भमाथि ब्रह्मास्त्र प्रहार गरी दिए ।

श्री कृष्णले अश्वत्थामालाई ब्रह्मास्त्र फर्काउन भने तर उनले मानेनन् । अर्जुनले अश्वत्थामालाई मार्न खोजे तर श्रीकृष्णले भने, "हे अर्जुन! शास्त्रहरूका अनुसार पतित ब्राह्मणको वध पनि पाप हो र आततायीलाई दण्ड न दिनु पनि पाप हो । अत: तिमी त्यही गर जो उचित छ ।" तिनको कुरालाई बुझेर अर्जुनले आफ्नो तरवारले अश्वत्थामाका शीरको केश काटेर त्यसको ललाटको मणि निकाले । मणि निस्किएकाले अश्वत्थामा श्रीहीन हुनुको साथै ललाटमा घाउ बस्यो । तत्पश्चात श्रीकृष्णले अश्वत्थामालाई घृणा र पीडाका साथ चिरकाल पर्यन्त भौंतारिन श्राप दिए । आज पनि अश्वथामालाई देखेको दाबी गरिन्छ ।



प्रत्येक वर्ष असार महिनाको शुक्ल पक्षको सप्तमी तिथिका दिन यस मंदिरको वार्षिकोत्सव मनाइन्छ । असार शुक्ल पक्ष देवी पक्ष हो । वर्षको चार नवरात्र मध्येको यो पनि एक नवरात्र पक्ष हो । यसलाई गुप्त नवरात्र भनिन्छ र यो साधना सिद्धिका लागि विशेष सहायक मानिन्छ । मंदिरको संस्थापना, प्राण प्रतिष्ठा र पछि वर्षौं वर्ष वार्षिकोत्सवको लागि समेत नवरात्रको समय र मुहुर्त जुराउनु निश्चय नै कल्पनाकारको अत्यन्त उच्च चेतनास्तरको परिचायक हो । यस मंदिरका कल्पनाकार, आयोजक, भूमिदाता, निर्माणकर्ता र संस्थापक मार्कण्डेय आचार्य हुन् । मंदिरका संस्थापक मार्कण्डेय (आचार्य) स्वयं अष्ट चिरञ्जीवीको एक नाम (मार्कण्डेय) स्वरूप भएकाले अष्ट चिरञ्जीवी मंदिरको निर्माणको प्रेरणा उनले यिनै नाम योगबाट प्राप्त गरे कि पनि भन्न सकिने देखिन्छ ।

अष्ट चिरञ्जीवीको नामको निर्धारण गर्ने स्रोत, शास्त्र वा ग्रन्थको एकिन मैले गर्न सकेको छैन । तथापि विशाल संस्कृत साहित्यमा अष्ट चिरञ्जीवी झैं एकेश्वर, अद्वैत, त्र्यम्बक, चतुर्वेदी, पञ्चभूत, षडाचार, सप्तऋषि, नवदुर्गा, दश महाविद्या, एकादशी रुद्र, द्वादश ज्योतिर्लिङ्ग आदि अंकमा आधारित अनेकन दिव्य तत्त्वहरूको उपस्थिति पाइन्छ ।

अष्ट चिरञ्जीवीको संस्कृत श्लोकमा अश्वथामा, दैत्यराज बलि, वेदव्यास, हनुमान, विभीषण, कृपाचार्य, परशुराम र मार्कण्डेय ऋषिको नाम उल्लेख भए पनि अष्ट चिरञ्जीवीको नाममा कतैकतै युधिष्ठिर, भीष्म, विश्वामित्र जस्ता दिव्य पुरुषहरूको नाम पनि उल्लेख भएको देखिन्छ ।

तर मूल प्रश्न यो हो कि मनुष्यको जीवनमा अष्ट चिरञ्जीवी भन्ने विषयको महत्त्व के छ, जसको उपस्थितिको कारणले सनातन संस्कृति र साहित्यमा यसले यस्तो महत्त्वपूर्ण स्थान पाएको छ । यी चिरञ्जीवी पुरूषहरूको चरित्र वा कर्म, जो सम्पूर्ण मानव जातिका लागि प्रेरक छन्, जुन ज्ञानको आधारमा मानिसले आफूलाई सच्याउँदै वा कर्मशील हुँदै जीवनलाई सार्थक तुल्याउन सक्षम हुनसक्छ ।

जस्तै कृष्ण द्वैपायन वेदव्यासको उपाधि किन प्राप्त गरे । रामका भक्त हनुमान निश्वार्थ , साहस , भक्त , सामर्थ र सुकर्मको लागि चिनिन्छन् । भगवान विष्णुका अवतार परशुरामले पिताको आज्ञा मानेर माताको शीर काटे र पिताले दिएको वरदानको बलमा आमालाई पुनर्जीवित तुल्याई आज्ञाकारिताको पर्याय बने । विभीषण सत्य, धर्म र भक्तिको उदाहरण बने । बलिको दानशीलताको लागि, कृपाचार्य ज्ञानको सागरका लागि र मार्कण्डेय साधना सिद्धिको बलमा पुनर्जीवन प्राप्तिका लागि प्रसिद्ध भए । सकारात्मकता लागि मात्र होइन, नकारात्मकताप्रति सतर्कताका लागि पनि अष्ट चिरञ्जीवीको सूचीमा एक पात्र अश्वत्थामाको रूपमा समाविष्ट छ । असीमित गुण र बल भएका यी अष्ट चिरञ्जीवी व्यक्तित्व सदैव मानवताको लागि प्रात: स्मरणीय छन्, त्यसैले अष्ट चिरञ्जीवी कहलिएका हुन् ।

*(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन् ।)*

# जनमत पार्टीको 'नौलो गणतन्त्र सामाजिक लोकतन्त्र' अवधारणाले मात्र देशले निकास पाउँछ



## डा.शरद सिंह यादव
**प्रवक्ता, जनमत पार्टी**

संघीय लोकतान्त्रिक गणतन्त्रमा देश गइसकेपछि यो भन्दा राम्रो अन्य व्यवस्था हुन सक्दैन । यो भन्दा राम्रो व्यवस्था अरु कुनै छैन । भनेपछि यो व्यवस्थामा मुलुक गइसकेपछि पनि जनतामा छट्पटाहट छ । यो व्यवस्थाप्रति जनतामा एक किसिमको वितृष्णा पैदा भइरहेको छ ।

**० संसदको गतिरोधलाई जनमत पार्टीले कसरी हेरिरहेको छ ?**

– संसदीय व्यवस्थामा सदनको गतिरोधलाई हामीले नकारात्मकरुपमा लिनु हुँदैन । कुनै कारणका लागि प्रजातान्त्रिक मूल्यमान्यतामा टेकेर संसदीय समिति गठनका लागि प्रतिपक्षीले जुन आवाज उठाइरहेको छ, त्यसलाई हामीले स्वाभाविकरुपमा नै लिन्छौं । समिति गठनको कुरा धेरै दिनदेखि सदनमा उठिरहेको र सोही कारणले अवरुद्ध हुँदै आएको छ । तर, त्यहीं एउटा कारणले संसदीय कामकारबाही रोकिने पक्षमा हामी छैनौं । किनभने संसदभित्र जनताको आवाज उठाउने, ऐन कानून बनाउनुपर्ने हुन्छ, त्यो कुराको हनन् भइरहेको छ । त्यसको पक्षमा हामी छैनौं ।

**० भनेपछि कांग्रेसले सदन नै चल्न नदिने लिएको रणनीतिको विपक्षमा जनमत पार्टी छ ?**

– विपक्षीहरुको मुद्दा पनि जायज हो । ती मुद्दालाई सत्तापक्षले कसरी सम्बोधन गर्नेतिर लाग्नुपर्ने थियो । हामी त सरकारमा छैनौं, यो सरकारलाई समर्थन मात्रै गरेका हौं । सरकारले विपक्षको मागलाई कसरी सम्बोधन गर्छ, त्यो हामी हेर्दैछौं । खासगरी सहकारी पीडितहरुका लागि विपक्षीले आवाज उठाइरहेको छ । सहकारी भनेकै गरीबको बैंक हो । थोरै आय भएका नेपाली जनताले आफ्नो छाक काटेर पैसा जम्मा गरेको अवस्था छ । आज लाखौं नागरिक सहकारी पीडित छन् । निर्मम तरिकाले सहकारीवालाहरुले जनतालाई लुटेका छन् । जनतालाई राहत दिनका लागि जस्तोसुकै समिति बनाउन आवश्यक छ भने सरकारले तुरुन्तै मार्ग प्रशस्त गर्नुपर्छ भन्ने जनमत पार्टीको मान्यता हो । किनभने यसमा प्रत्यक्षरुपमा निमुखा र मध्यम वर्गीय नागरिक सहकारीबाट पीडित छन् ।

**० कांग्रेसले भनेजस्तै संसदीय समिति बनाउन सरकार किन डराएको होला ?**

– यसको जवाफ त सरकारमा रहेकै नेताहरुले दिनुपर्ने हो । किनभने हामी सत्तामा छैनौं, यो सरकारको पक्षमा मतदान मात्रै गरेका हौं । यदि कोही मान्छे निर्दोष छ, उसले कुनै गल्ती गरेको छैन भने त्यसको न्यायिक प्रक्रियामा जान डराउनै पर्दैन । छानबिनबाट डराउनु भनेकै झन् शंका बढाउनु हो ।

**० कांग्रेसले व्यक्तिकेन्द्रित संसदीय छानबिन समितिको माग गरिरहेको भन्ने सत्तापक्षको आरोप छ । यसलाई जनमत पार्टी कसरी हेर्दैछ ?**

– सहकारी काण्डमा एक जना मात्रै व्यक्ति संलग्न छैन । अर्बौं रुपैयाँको घोटाला गरेको कुरा नामसहित कैयौं व्यक्तिका नामहरु आइसकेका छन् । कतिपय घोटाला गर्नेहरु फरारसमेत रहेका छन् । त्यसैले संसदीय छानबिन समिति गठन हुँदा आर्थिक चलखेल गरेका, अनियमितता गरेका थुप्रै व्यक्तिहरु छन् । त्यसमध्ये एकजना राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति पनि हो भनेर नाम आइरहेको छ । समिति गठन भयो भने त्यसले आफ्नो कार्यादेशअनुसार काम गर्ने हो । समितिमा कुनै एउटा दलका मात्रै सांसद त हुँदैन, सबै दलका सांसदहरु हुन्छन् । त्यसमा प्रष्टरुपले आफ्नो झन् प्रष्टरुपले राख्न पाइयो । त्यसैले, यसलाई कुनै व्यक्तिकेन्द्रित समिति पनि बुझ्नु भएन । यसमा जसको कमी कमजोरी देखिन्छ, जो साँच्चिनै दोषी हुन्छन्, उनीहरुलाई दण्डित गरिन्छ ।

**० सहकारी घोटाला काण्डबारे लगातार शृंखलाबद्ध तरिकाले समाचार प्रकाशित गर्दै आएको कान्तिपुर पब्लिकेशनका अध्यक्षलाई नागरिकता मुद्दामा पक्राउ गरिएको छ । यो पक्राउलाई प्रतिशोध भनिएको छ । तपाईं के भन्नुहुन्छ ?**

– अहिलेको अवस्थामा कान्तिपुर पब्लिकेशनका अध्यक्ष कैलाश सिरोहियालाई जसरी पक्राउ गरिएको छ, यसलाई हेर्दा प्रतिशोध जस्तो नै देखिन्छ । किनभने कुनै पनि नागरिकको मौलिक हक हनन् हुनु हुँदैन । यदि उहाँसँग दुई नागरिकता छ वा एउटै नम्बरको दुईटा नागरिकता छ भने राज्यले कसरी दियो, यसको छानबिन गर्ने काम त राज्यको हो । नागरिकता प्रकरणमा कैलाश सिरोहियालाई पक्राउ गरेर, जेलमै हालेर छानबिन गर्नुपर्छ भन्ने हामीलाई लागेन । राज्य र कानूनले आफ्नो काम गर्नुपर्छ तर नागरिकको मौलिक अधिकार हनन् हुनु भएन । सिरोहियालाई पक्राउ नगरी छानबिन गरेको भए हुन्थ्यो । कान्तिपुरले सहकारी घोटालाको मुद्दालाई प्रखररुपले जसरी उजागर गर्दै आएको थियो, त्यसले गर्दा आम नागरिकको मनमा यो पक्राउलाई प्रतिशोध नै ठानेको छ । सञ्चार जगत्ले बिनाआधार वा बिनाप्रमाण कुनै समाचार प्रकाशन गर्दैन । मलाई लाग्छ कान्तिपुरले आफ्नो धर्म निर्वाह गरेको हो । अहिले कान्तिपुरका अध्यक्षलाई यसरी पक्राउ गर्दा व्यक्तिगत प्रतिशोध जस्तो देखियो ।

**० तर, सरकारले भन्दा पनि धनुषा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गर्‍यो र प्रहरीले पक्राउ गरेको हो नि ?**

– अदालतमा यो मुद्दा गइसकेपछि यदि कैलाश सिरोहियाबाट कमी कमजोरी भएको छ, नेपालको कानून मिचेर नागरिकता लिएको छ, एउटै नम्बरको दुईटा नागरिकता प्रयोग गरेको छ भने प्रचलित कानूनअनुसार उहाँलाई दण्ड हुनुपर्छ । तर, यो मुद्दालाई जुन किसिमले गृह मन्त्रालयले हेण्डल गर्‍यो त्यो चित्तबुझ्दो देखिएन ।

**० भनेपछि, प्रतिशोध साँध्नकै लागि कान्तिपुरका अध्यक्षलाई पक्राउ गरिएको हो ?**

– प्रतिशोधपूर्ण तरिकाले नै उहाँलाई पक्राउ गरिएको जस्तो देखिन्छ । तथापि यो मुद्दा अदालतमा गइसकेकोले यसबारे धेरै टिप्पणी गर्नु हुँदैन । न्यायपालिकामाथि विश्वास गर्ने पार्टीको नाताले पनि अदालतमा गइसकेको कुरालाई हामी केही दिन पर्खौं । अदालतले गरेको फैसला हामीलाई स्वीकार्य हुन्छ । हामीलाई विश्वास छ कि अदालतले न्याय नै गर्छ ।

**० प्रधानमन्त्रीलाई तपाईंहरुले चौथो पटक विश्वासको मत दिनुभयो तर मधेश प्रदेश सरकारबाट बाहिरिएर नयाँ समीकरणको तयारीमा हुनुहुन्छ । जनमत पार्टीको यो कस्तो रणनीति हो ?**

– कुनै पनि एउटा पार्टीले संसदमा बहुमत प्राप्त नगरेको अवस्थामा देशले स्थायित्व पाओस्, छिटो-छिटो सरकार परिवर्तन नहोस् भन्ने चाहनाअनुसार नै जनमत पार्टीले अहिलेकै सरकारलाई विश्वासको मत दिँदै आएका छौं । यसअघिको गठबन्धनको प्रधानमन्त्री प्रचण्डलाई नै हामीले समर्थन दिएका थियौं । हाम्रो मान्यता के हो भने सरकारले स्थायित्व पाउनुपर्‍यो । मधेश प्रदेशको सन्दर्भमा भन्नुपर्दा हाम्रो प्राथमिकता भनेको मधेश प्रदेश सरकारको नेतृत्व हो । हामीले मुख्यमन्त्रीको माग गरेका छौं । यसअघि पनि जसपा नेपालको नेतृत्वमा हामी नेताहरु मन्त्री हुनुहुन्थ्यो तर काम गर्ने वातावरण जसपाले बनाइदिएन । हाम्रा मन्त्रीहरु जब राम्रा कामहरु गर्दै जानुभयो, तब जसपाका मुख्यमन्त्रीले हाम्रा कृषिमन्त्रीलाई विनाविभागीय बनाइदिनुभयो । त्यसपछि हामीसँग तिक्ततापूर्ण व्यवहार गर्दा हामी सरकारबाट बाहिरिन बाध्य भयौं । अहिले हाम्रो बटमलाइन मधेश प्रदेश सरकारको नेतृत्व हो । हामीलाई नेतृत्व दिन जुन गठबन्धनले हामीलाई मार्ग प्रशस्त गर्छ, त्यो गठबन्धनलाई हामीले समर्थन गर्नेछौं ।

**० मधेश प्रदेशमा अब जनमत पार्टीको मुख्यमन्त्री बन्दैछन् ?**

– हाम्रो माग मधेश प्रदेश सरकारको नेतृत्व गर्ने नै हो ।

**० यदि जनमतलाई मुख्यमन्त्री दिइएन भने ?**

– त्यो त पछिको कुरा हो । अहिले यस विषयमा उच्चस्तरीय छलफल भइरहेको छ । हामीलाई पूर्ण आशा छ कि मधेश प्रदेश सरकारको नेतृत्व हामीलाई दिइनेछ । एक दुई जनालाई मन्त्री बनाइदिनका लागि जनमत पार्टी सरकारमा जाँदैन । यसअघि पनि जनमत पार्टी संघीय सरकारमा हुँदा सबभन्दा राम्रो काम हाम्रो पार्टीका मन्त्रीले गर्नुभएको थियो । त्यसैले हामी मन्त्री पदकै लागि सरकारमा जाने होइन, सरकारमा गइसकेपछि जनताले अनुभूति गर्ने खालका काम गर्ने देखाउने हो ।

**० तर, मधेश प्रदेश सरकारको नेतृत्वका लागि एमाले, माओवादी, लोसपाले समेत दाबी गर्दैछन् नि ?**

– संसदीय अंक गणितको कुरा गर्ने हो भने अहिले संघमा तेस्रो नम्बरको दल माओवादी केन्द्रले सरकारको नेतृत्व गर्दैछ । दुईटा ठूला दल कांग्रेस र एमालेले सरकार चलाउने अवसर पाएका छैनन् । त्यसैले मधेश प्रदेशमा हाम्रो १३ सांसद भनेको सानो संख्या होइन, अन्य धेरै दलभन्दा हाम्रो ठूलो हो । मधेश प्रदेशमा लोकप्रिय मतमा सबै पार्टीभन्दा हामी अगाडि छौं । त्यो नाताले पनि जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व पाउनुपर्छ भनेर आमजनताको चाहना छ । किनभने आम जनताले जनमत पार्टीको काम हेर्न चाहिरहेका छन् ।

**० जनमत पार्टीले यदि सरकारको नेतृत्व गर्ने अवसर पायो भने बढीमा एक वा डेढ वर्ष मात्रै पाउँछ, यति सानो अवधिमा के नै गर्न सक्नुहुन्छ ?**

– हामी एक मात्रै समय पायौं भने पनि आमनागरिकले महसुस हुने खालका कामहरु गरेर देखाउँछौं । किनभने हामीसँग विकासका खाका छ । हामीसँग त्यस्ता लिडर र विज्ञहरु छन्, जुन सम्बन्धित मन्त्रालयमा गएर जनताका आवश्यकता पूरा गर्न सक्छौं ।

**० यसअघिको कार्यकालदेखि अहिलेसम्म जसपाकै नेतृत्वले मधेश सरकार चलाइरहेको छ । जसपा सरकारको कामबाट तपाईंहरु किन सन्तुष्ट हुनुहुन्न ?**

– केही दिन पहिला हामी जसपाकै नेतृत्वमा सरकारमा थियौं । जसपाको सरकारमा यति धेरै बेथिति र भ्रष्टाचार छ, त्यसको कुरा गरेर साध्य छैन । करिब २० वटा ठूला-ठूला भ्रष्टाचारका काण्डहरु जसपा नेतृत्वको सरकारले गरेको छ । अर्बौं रुपैयाँका भ्रष्टाचार काण्डहरु जसपा सरकारले गरेको छ ।

**० चालु आर्थिक वर्षको अब करिब डेढ महिना मात्रै बाँकी छ, अहिलेसम्म मधेश प्रदेशको बजेट खर्च कस्तो छ ?**

– सातै प्रदेशमध्ये सबभन्दा कम बजेट मधेश प्रदेशमा नै खर्च भएको छ भने सबभन्दा बढी बेथिति छन् । मधेश प्रदेशमा भ्रष्टाचार एकदम मौलाएको छ । हालै जसपाबाट फुटेका एक नेताले सार्वजनिकरुपमै मिडियामा भन्नुभएको छ कि बिना कमिशन कुनै योजना नै दिइँदैन भनेर भन्नुभयो । त्यसैले प्रष्ट छ कि जसपाको सरकार कामभन्दा पनि कमिशनमा लिप्त छ ।

**० संघीय सरकारले मधेशलाई बजेटमा विभेद गर्‍यो भनेर गुनासाहरु हुन्छन्, तर पाएको बजेट पनि खर्च हुन सकिरहेको छैन ? के कारण छ ?**

– यो सही कुरा हो कि जहिले पनि संघीय सरकारले बजेटमा मधेशसँग विभेद गर्दै आएको छ । यो कुरा पनि सही हो कि जुन बजेट हामीले पाउँछौं, त्यो पनि खर्च गर्न सकिरहेका छैनौं । त्यसकारणले पनि मधेश प्रदेशमा भिजनरी नेतृत्व आउनुपर्‍यो, जसको लागि जनमत पार्टी तयार छ । जनमत पार्टीलाई एकचोटि मौका दिइयो भने राम्रो काम गरेर देखाउँछ । अहिलेको सरकारले नीतिगत भ्रष्टाचारको सञ्जाल चलाइरहेको छ । जसले गर्दा विकास कार्यमा ध्यानै पुगेको छैन । नेतृत्वमा क्षमता नभएकै कारण पाएको बजेटको आधा पनि खर्च सकिरहेको छैन ।

**० जनमत पार्टी बेला-बेलामा लोकप्रियताका विभिन्न नयाँ-नयाँ नाराहरु ल्याउने गरेको भन्ने आरोप छ । जस्तै, अहिले जनमत पार्टीले "नौलो गणतन्त्र, सामाजिक लोकतन्त्र" भन्ने नारा ल्याएको छ । यो के हो ?**

– यही जेठ १५ गते जनमत पार्टीको नेतृत्वमा काठमाडौंको भृकुटीमण्डपमा एउटा ठूलो आमसभा हुन गइरहेको छ । जसबाट हामीले ल्याएको नयाँ अवधारणा 'नौलो गणतन्त्र, सामाजिक लोकतन्त्र' भनेका छौं । संघीय लोकतान्त्रिक गणतन्त्रमा देश गइसकेपछि यो भन्दा राम्रो अन्य व्यवस्था हुन सक्दैन । यो भन्दा राम्रो व्यवस्था अरु कुनै छैन । भनेपछि यो व्यवस्थामा मुलुक गइसकेपछि पनि जनतामा छट्पटाहट छ । यो व्यवस्थाप्रति जनतामा एक किसिमको वितृष्णा पैदा भइरहेको छ । योभन्दा पछाडि फर्किने अवस्था पनि छैन । जबसम्म यो देशमा कार्यकारी प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित हुँदैन, तबसम्म यो देश अगाडि बढ्ने अवस्था देखिएन । तेस्रो दलले सरकार चलाउने, साना दलहरु पनि मुख्यमन्त्रीका लागि मारामार गरिरहेको अवस्था छ । त्यसैले प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको चुनाव हुनुपर्ने भन्ने हाम्रो अवधारणा हो । अन्ततोगत्वा सबै दल पुग्नैपर्छ । जसको ज्वलन्त उदाहरण काठमाडौं महानगरपालिकाका मेयर बालेन साह हो, जो एक्लै जित्दा पनि कसैसँग नडराइ, कसैको प्रभावमा नपरी उहाँले काम गरेर देखाउँदै हुनुहुन्छ । जबकि ३२ वटै वडा अन्य दलहरुबाट छन् । किनकि उहाँ कार्यकारी हो, उहाँसँग पावर छ, उहाँ कसैको प्रभाव र दबाबमा पर्नुभएको छैन । त्यसरी नै यो देशलाई पनि कार्यकारी प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित चाहिएको छ ।

त्यस्तै, अमेरिका जस्तै अख्तियार प्रमुख, महालेखा परीक्षक, निर्वाचन आयोगका प्रमुख, प्रधानन्यायाधीश लगायतका प्रमुख निकायमा चुनाव हुनुपर्छ । यहाँ त कस्तो छ भने दलीय भागवण्डाका आधारमा देशका प्रमुख निकायहरुमा नियुक्ति गरिन्छ । जसले गर्दा स्वच्छ र निष्पक्ष कार्य सम्पादन भइरहेको छैन । प्रमुख निकायहरुलाई जबसम्म राजनीतिक प्रभावबाट टाढा राख्न सकिँदैन, तबसम्म ती निकायहरुले निष्पक्ष ढंगले काम गर्न सक्दैन ।

अर्को कुरा भनेको, संसदका सदस्यहरु जो नीति निर्माणका लागि आउनुहुन्छ, सांसदहरुलाई मन्त्री बनाउने काम बन्द गर्ने । विज्ञहरुको सानो समूहलाई विज्ञताको आधारमा मन्त्रालयहरुको जिम्मा दिने । अमेरिकामा विज्ञहरुलाई समेटेर सानो आकारको मन्त्रिमण्डल बनाएको हुन्छ । स्वास्थ्य क्षेत्रको विज्ञलाई स्वास्थ्य मन्त्री बनाएको हुन्छ । तर हाम्रो देशमा आयुर्वेद पढेको मान्छेलाई ऊर्जा मन्त्रालय दिन्छ । त्यसपछि हामीले निजी क्षेत्रहरुलाई प्रोत्साहन गर्ने ।

हामीले सामाजिक लोकतन्त्रको कुरा गरेका छौं, यसमा जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने । शिक्षा, स्वास्थ्य, रोजगार सरकारको अधिन र निगरानीमा हुन्छ । बाँकीमा निजी क्षेत्रलाई बढावा दिनुपर्छ । सबभन्दा पहिला त राष्ट्रिय पुँजीको निर्माण गर्नुपर्‍यो । उदाहरणको रुपमा बुद्ध एउटा निजी क्षेत्र हो । बुद्ध एयर स्थापना भएको दिनदेखि नाफामै छ । तर नेपाल एयरलाइन्स जुन सरकारी हो, यो खुलेको दिनदेखि आजसम्म नाफामा गएको छैन । निजी क्षेत्रले राम्रो काम गरेर देखाएको छ, सरकारलाई कर तिरेको छ । तर सरकारी निकायको अवस्था एकदमै दयनीय छ । सरकारी क्षेत्रलाई दलहरुले कार्यकर्ता भर्ती केन्द्र बनाएका छन् ।

यावत् कुराहरुको एउटा अवधारणा पत्र बनाएर हामीले देशलाई कसरी समृद्धितर्फ लाने भनेर डा.सीके राउत र जनमत पार्टी जेठ १५ गते आमसभा आयोजना गरी जनताको माझ ल्याउँदैछौं ।

# देशमै भविष्य खोज्नेहरुलाई बाटो देखाईरहेका गुरागाईं

समयले कुनै बेला प्रश्न गर्यो, के गर्न सक्छस् ? मैले समयलाई एक सलाम ठोकेँ र भनेँ, जिन्दगीको सबै परीक्षा दिन तयार छु । फेरि हाँस्दै सोध्यो, हारिस् भने.....?

बढो दम्बका साथ भनेँ, भुइँबाट उठेको मान्छे हुँ, त्यसैले मेरा लागि हार र जितले खासै प्रवाह राख्दैन । जे आइलाग्छ, त्यही स्वीकार्य छ ।

यो संवाद प्रदीप गुरागाइँले आफ्नै जिन्दगीसँग गरेको संवाद हो । आफूले बाँचेको समयसँग गरेको संवाद हो । सर्लाहीको माटोमा जन्मिएर यही देशको सेवामा लागेका गुरागाईंले अहिले जिन्दगीका ४० शिशिरहरु बिताइसकेका छन् ।

मान्छे समयको साधक हो । समय मान्छेको निर्देशक हो । मान्छेले आफूलाई समयानुकूलित बनाउन सक्यो भने मात्र सफलताको सिँढी चढ्न सक्छ । गुरागाईंको जीवनको आरोह अवरोध पनि सामान्य छैन । उनी के बन्न चाहे, के बने । अहिले व्याख्या गर्न सक्दैनन् । मधेशको माटोमा जन्मिएर स्वदेशको सेवामा आफूलाई सुम्पेका उनले आफूलाई जहिल्यै सङ्घर्षको बाटोमा हिँडाइरहे ।

सहज थिएन, तराईमा जन्मिएर हुर्कनका लागि नेपालमा । त्यसमाथि अहिलेको मधेश प्रदेश । पारिवारिक हिसाबले पनि उनले सानै उमेरमा जागिर खानुपर्ने बाध्यता थियो । उनले जागिर खानकै लागि नेपाली सेनामा भर्ती भए । माओवादीको सशस्त्र युद्ध चलिरहेकै थियो त्यतिबेला । त्यस्तो बेलामा सैन्य जिन्दगी बिताउनु भनेको मृत्युलाई हत्केलामा बोकेर हिँड्नु हो । उनले मृत्युको पर्वाह गरेनन् र


प्रदीप गुरागाइँ

सेनामा आफूलाई सुम्पिए ।

नेपाली सेनामा रहेर काम गरेका गुरागाइँले साँढे १९ वर्षसम्म आफूलाई देशको सेवामा समर्पण गरे ।

उनले जागिर खानकै लागी १८ वर्षको कलिलो उमेरमै सिपाही भएर नेपाली सेनामा भर्ती भए। आफ्नो जिन्दगीको करिब दुई दशक देशको सेवामा सुम्पिसक्दा पनि उनि थाकेका छैनन् रु । अहिले एस एस एकेडेमी बाट गुरागाईंले देशमै युवा टिकाउने अनवरत संघर्ष गर्दै छन् ।

के हो एस एस एकेडेमी ?

कलिला युवा जनशक्ति जो देशका मानव संसाधन हुन् । उनिहरुले नै देशमा भविष्य देख्न छोडेपछि देश प्रगति हुने त कुरै भएन। यसै सन्दर्भमा एस एस एकेडेमीको स्थापना भयो।

एस एस एकेडेमीले भविष्य खोज्दाखोज्दै रूमलिरहेका युवाहरुलाई बाटो देखाउने मार्ग दर्शक बनेर काम गरिरहेको छरु।

विदेशिने लर्कोलाई केहि हद भए पनि देशमै थेग्न सके अब सक्षम देश बनाउने निती निर्माता तय गर्न सकिन्छ।

त्यसको लागी एस एस एकेडेमीमा सैन्य क्षेत्रका सम्पुर्ण तयारी कक्षाहरु सञ्चालन गरिन्छ। अधिकृत क्याडेट, प्राविधिक अधिकृत, लेखा उप सेनानी, लेखा जमदार, अमल्दार कर्मचारी, प्रा.अ.म मेडिकल पदिक तथा बिल्लादार लगायतका सैन्य जवानको ढोका सम्म पुग्ने सारथी हो एस एस एकेडेमी।

विदेशी सपना देख्नेहरुको भिडम हुने त्यहि बागबजारमा अहिले देशमै केहि गर्छु भन्नेहरुको भिड देखिने ठाउँ बनेको छ।

यहाँको पारिवारिक वातावरणले गर्दा पनि १२ कक्षा पार गरेपछि नै अपिस क्याडेट बन्ने सपना बोकेर आएका पारखीहरु सफल हुने गरेका छन् ।

करिव ९० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल यस एकेडेमीले विद्यार्थीहरुको मात्रै होइन उनिहरुका परिवारको समेत अनुहार उज्यालो बनाउन सफल भएको छ।

हाल यस एकेडेमीमा सैन्य क्षेत्रका सम्पूर्ण विषयहरु जस्तै, नेपाली सेनातर्फ अधिकृत क्याडेटको साथै, लेखा उपसेनानी, प्राविधिक उपसेनानी, जमदार कर्मचारी, अमल्दार कर्मचारी र सैन्य त्यसैगरी नेपाल प्रहरी तर्फ इन्स्पेक्टर, एएसआई, प्रहरी जवान एवं राष्ट्रिय अनुसन्धान तर्फ अनुसन्धान अधिकृत र अनुसन्धान सूचकका लागि तयारी कक्षाहरु संग सँगै दैनिक फिजिकल एक्सरसाइज र :यअप त्भकत हरु पनि गराइन्छ ।

यसरी आफ्नो जन्मभूमि लाई काधमा लिएर हिडिरहेको छ एस एस एकेडेमी।

# दलित विद्यालयको तीन कोठे भवन शिलान्यास

सप्तरी । लामो समयदेखि भवनको अभाव खेप्दै आएको छिन्नमस्ता गाउँपालिका-५ लोखरमस्थित दलित रा.प्रा.विद्यालयमा भवन बन्ने भएको छ । एक कार्यक्रम आयोजना गरेर पालिका अध्यक्ष विद्यानन्द चौधरीले त्यहाँ तीन कोठे विद्यालय भवनको शिलान्यास गरेका छन् ।

८ वर्षदेखि भवन जिर्ण रहेको थियो, एउटै कोठामा बसाएर दुई/तीन वटा कक्षा संचालन गर्नु परिरहेको थियो ।' उनले भने, 'धेरै पहलपछि प्रदेश सरकारले बजेट दिएपछि उक्त भवन बन्ने भएको छ ।' दलितकै नाममा रहेको त्यस विद्यालयको भवन बन्ने भएपछि स्थानीय दलित परिवारहरु उत्साहित भएको देखिएका थिए ।

त्यस्तै सोही दिन पालिका अध्यक्ष चौधरीले वडा नं ५को वडा कार्यालय भवनको समेत शिलान्यास गरेका थिए । वडा कार्यालयको आफ्नो भवन भएपछि सेवा प्रवाहमा थप सुविधा हुने पालिका अध्यक्ष चौधरीले बताए । वडा कार्यालय भवनको शिलान्यास पछि उत्साहित एक स्थानीयले पालिका अध्यक्ष चौधरीलाई धन्यवाद ज्ञापन गरेका थिए । 'राम्ररी काम गर्दै हुनुहुन्छ खुसी लागेको छ, यसरी नै अगाडि बढ्नुस्,' उनले भने, 'तपाईलाई धेरै राजनीतिक चुनौतीहरू होलान् हामी बुझ्छौं, त्योसँग लड्दै तपाईले गरिरहेको काम उदाहरणीय भइरहेकोमा गर्भ महसुस गर्छौं ।'

यसअघि केही समयअघि अध्यक्ष चौधरीले लोखरममा स्वास्थ्य चौकी तथा प्रसौती गृह(बर्थिङ्ग सेन्टर) उद्घाटन गरेका थिए ।

## मधेश अपडेट

### कांग्रेसले सत्ताका लागि सदनमा अवरोध गरिरहेको छ : ओली

विराटनगर । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसले सत्ताका लागि सदनमा अवरोध गरिरहेको आरोप लगाएका छन् । काँग्रेसले गरिरहेको सदन अवरोध केवल सत्ताका लागि भएको भन्दै ओलीले भने 'राजनीतिक स्थायित्वका लागि दलहरू एक हुनुपर्ने वेलामा काँग्रेसले यो गतिविधिले प्रतिगामी शक्तिलाई बल पुग्ने छ ।' विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले राजनीतिक गतिरोध अन्त्य गर्न काँग्रेसले आफूलाई सम्हालेर लोकतान्त्रिक मूल्यमान्यताको अभ्यासलाई आत्मसात गर्नुपर्ने बताए । अध्यक्ष ओलीले लोकतान्त्रिक मूल्य मान्यतालाई बिर्सेर नेपाली काँग्रेसले संसद्मा गर्दै आएको गतिविधिले काँग्रेसलाई फाइदा नहुने बताए ।

### वार्तामार्फत् सदनको समस्या समाधान गर्नुपर्छ : नेपाल

जनकपुरधाम । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले प्रतिनिधिसभामा भइरहेको विरोध तथा प्रदर्शनको समस्याको समाधान वार्तामार्फत् हुनुपर्ने बताएका छन् । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष नेपालले समाजवादी प्रेस सङ्गठन नेपाल धनुषाको आयोजनामा जनकपुरधाममा सम्पन्न भएको पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन् । उनले शान्ति, समृद्धि, सुशासन तथा स्थिरताका लागि वर्तमान प्रधानमन्त्रीलाई विश्वासको मत दिएको बताउँदै आफ्नो पार्टी मुलुकमा राजनीतिक स्थिरता मार्फत जनताको जनजीवनमा परिवर्तन ल्याउन चाहेको जिकिर गरे । एक प्रश्नको जवाफमा पूर्व प्रधानमन्त्री नेपालले पछिल्लो राजनीतिक परिवर्तनका कारणले मधेश प्रदेश सरकारमा परिवर्तन हुनु स्वभाविक भएको बताउँदै आफ्नो पार्टी सरकारमा सहभागी हुने विषय परिस्थितिले निर्माण गर्ने बताए । उनले केन्द्रमा आफूहरू एमाले सहितको अहिलेको गठबन्धन सरकारमा भएपनि नेकपा एमालेसँग नेकपा एसको पार्टी एकीकरणको कुनै सम्भावना नभएको बरु नेकपा एस महाधिवेशनको तयारीमा जुटेको बताए ।

### किसानलाई अनुदानमा उन्नत जातको धानको बीउ वितरण

नेपालगन्ज । कोहलपुर नगरपालिका कृषि शाखाले किसानहरूलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको धानको बीउ वितरण गरेको छ । कृषि विकास शाखाले किसानलाई कोहलपुरको माटो सुहाउँदो विभिन्न उन्नत जातको बीउ वितरण गरेकाले उत्पादन बढ्ने विश्वास गरिएको छ । गुणस्तर र माटो सुहाउँदो उन्नत जातको धानको बीउले थोरै लगानीमा धेरै धान फलाउन सकिने छ । त्यस्तै सो अवसरमा बोल्दै कृषि विकास शाखा प्रमुख चन्द्रबहादुर बुढाले नगरपालिकाभित्र रहेका १५ वटै वडाका किसानहरूको मागका आधारमा उन्नत जातको धानको बीउ वितरण गरिएको बताइएको छ । कृषि शाखाबाट राधा ४, राम, हर्दिनाथ ६ जस्ता उन्नत जातका धानका बीउ वितरण गरिएको छ । किसानको माग अनुसार शाखाले १० हजार ३ सय ५० केजी उन्नत धानको बीउ खरिद गरी वितरण गरेको कृषि शाखाले जनाएको छ ।

### आगलागीपीडितलाई राहत वितरण

सुनसरी । सुनसरीको दुहवी नगरपालिका वडा नम्बर ९ छाताबेलीका ११ घरपरिवार आगलागीपीडितलाई राहत वितरण गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले मन्त्रालयका सचिव दिनेश भट्टराई समेतको उपस्थितीमा एक कार्यक्रमकाबिच आगलागी पीडित परिवारको घरमै पुगेर उक्त राहत रकम हस्तान्तरण गरेकी हुन् । त्यसैगरी इटहरी नगरपालिका वडा नं ७ रामजानकी टोल सिसौना निवासी आगलागी पीडित इन्द्रकुमार खड्काको घरमै गएर राहत सामग्री वितरण गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद्ले स्वास्थ्य पोषण शिक्षा तथा कृषि अनुसन्धान विकास केन्द्र, दिनेश चौधरी स्मृति प्रतिष्ठान र लेटर डे सेन्ट च्यारिटिजसँगको समन्वयमा उक्त राहत हस्तान्तरण गरिएको हो । प्रति परिवारका दरले २५ किलो चामल, ५ किलो दाल, ३ किलो नुन, २ सेट ब्ल्याङ्केट, १ सेट स्ट्याण्ड फ्यान, स्टेशनरी र पेश १ सेट, १ बण्डल जस्ता पाता, १ सेट डिग्निटी किट, १ सेट झुल, किचनका सामग्री र सडना सेट वितरण गरिएको हो । यसैगरी इटहरी नगरपालिका वडा नं ७ रामजानकी टोल सिसौना निवासी आगलागि पिडित इन्द्रकुमार खड्काको घरमै पुगेर मन्त्री चौधरीले राहत सामग्री हस्तान्तरण गरेकी छन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# एमालेको स्वास्थ्य विभागले स्वास्थ्यमन्त्रीलाई बुझायो ज्ञापनपत्र



काठमाडौं । नेकपा (एमाले) स्वास्थ्य तथा जनसङ्ख्या विभागद्वारा जनताको स्वास्थ्य अधिकार प्राप्त गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनमा ठोस पहलका लागि सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

नेकपा (एमाले) स्थायी कमिटी सदस्य तथा विभाग प्रमुख कृष्णगोपाल श्रेष्ठ नेतृत्वको टोलीले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप यादवलाई भेटेर स्वास्थ्य सेवाको क्षेत्रमा रहेको समस्या समाधान गर्न र जनताको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने संवैधानिक व्यवस्थालाई सुनिश्चित गर्न ध्यानाकर्षण गराएको हो ।

१) संघीय निजामती सेवा ऐन संसदमा दर्ता भैसकेको अवस्थामा स्वास्थ्य सेवाका कर्मचारीहरूको सेवा प्रवेश ४५ बर्ष र सेवा निबृत अवधि ६३ वर्ष र यस सेवाका कर्मचारी पनि प्रदेश सचिव, प्रमुख सचिव, सचिव र मुख्य सचिवसम्म हुन पाउने स्पस्ट उल्लेख गरी सबै स्वास्थ्यकर्मीलाई निजामती ऐनमा उल्लेख भएसरह १० वर्षसम्म संघबाट परिचालनको व्यवस्थासहितको एकीकृत स्वास्थ्य सेवा ऐन तयार गरी तत्काल संसदमा पठाउनु पर्ने ।

२) स्वास्थ्य सेवामा बाझिएका कानुनहरूको तत्काल संशोधनको व्यवस्था गर्नुपर्ने ।

३) सामाजिक स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तत्काल कानुनसम्मत बोर्डका पदाधिकारिहरूको पदपूर्ति गर्दै संगठन व्यवस्थापन गर्ने ।

४) नेपालको संविधानको धारा ३५ र पन्ध्रौ योजनाको स्वास्थ्य सम्बन्धी सबै तहमा सबल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय सेवाको पहुँच सुनिश्चित गर्ने लक्ष्य अनुसार देशभरिका स्थानीय तहमा त्यहाँको जनसङ्ख्या र भूगोललाई मध्यनजर गरी निर्माण गर्न लागिएका आधारभूत स्वास्थ्य केन्द्र र आधारभूत अस्पतालहरूको यथाशीघ्र निर्माण सम्पन्न गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वास्थ्य संस्था दर्ता र स्वास्थ्यकर्मी पद पूर्ति गर्नुपर्ने ।

५) स्वास्थ्य सेवामा सुशासनको प्रत्याभूति दिन तत्काल स्वास्थ्य जनशक्तिको उचित व्यवस्थापन गर्न जुन समूहको दरबन्दी जहाँ छ त्यहि समूहको जनशक्ति रहने गरी सरुवा, काज वा प्रतिस्थापन गर्नुपर्ने र आस्थाको आधारमा गरिएको जथाभावी सरुवा, बर्खास्ती र नियुक्ति तत्काल सच्याएर कर्मचारीको मनोबल उच्च राखी काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने । कर्मचारीहरूलाई आफ्नो सेवा र समूहमा काम गर्ने वातावरण बनाई सुशासनको प्रत्याभूति दिलाउनुपर्ने ।

६) अस्पतालहरूमा अपरेशन, डाइलाईसीस लगायतका सेवाहरू सर्बसुलभ बनाउन यथाशीघ्र पहल गर्नुपर्ने र नेपालको संविधान अनुसार स्वास्थ्य सेवाको पुनर्संरचना र प्रभावकारी कार्यान्वयन गर्न तयार गरिएका रोग रोकथाम तथा नियन्त्रण केन्द्र, प्रत्यायन प्राधिकरण जस्ता राष्ट्रिय संरचनाको निर्माण गर्नुपर्ने । स्वास्थ्य प्रतिष्ठानसम्बन्धी छाता ऐन लगायतका कार्यहरू यथाशीघ्र पारित गराई सबै प्रदेशहरूमा बनाउने भनिएका स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम शुरू गर्न पहल गर्नुपर्ने ।

७) समायोजनको कारण फाजिलमा रहेका, समायोजन नमिलेका सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई जिम्मेवारीका साथ रिक्त स्थानहरूमा पुनः मिलाई स्वास्थ्यकर्मीहरूलाई काम गर्ने सहज वाताबरण मिलाउनुपर्ने ।

८) स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउन यससम्बन्धी कानुनको कडाई साथ कार्यान्वयन गर्नुपर्ने ।

९) झाडा पखाला, दादुरा, कोभिड, डेंगीलगायतका महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रण र बाढी पहिरो लगायतको जल उत्पन्न विपत्तिको व्यवस्थापन गर्ने कार्यको पूर्व तयारी गर्नुपर्ने ।

१०) जनसङ्ख्याको उमेरगत र लैङ्गिक संरचनामा आएको परिवर्तनले भविश्यमा आउने सामाजिक र पारिवारिक संरचनाका बारेमा स्थानिय तहसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने । बसाइँसराइँका अनपेक्षित प्रबृत्तिको उचित सम्बोधन गरी जनसङ्ख्या वितरणको भौगोलिक असन्तुलनमा सुधार ल्याउन पहल हुनुपर्ने । जनसङ्ख्याको क्षेत्रमा आउँदै गरेका विशिष्टिकृत विषयको पहिचान गरी सो क्षेत्रमा गहन अध्ययन र अनुसन्धानको व्यवस्थामा ध्यान दिनुपर्ने । मन्त्रालयको जनसङ्ख्या महाशाखाको कार्य क्षेत्र र क्षमता अभिवृद्धिमा तुरुन्त पहल हुनुपर्ने, द्रूत दरमा बढ्दै गरेको ज्येष्ठ नागरिकको सक्रिय र स्वस्थ्य जीवनका लागि तीन खम्बे कार्यनीति ( सहभागिता, सुरक्षा र उचित स्वास्थ्य सेवा) अवलम्बन गरिनुपर्ने ।

११) वीर अस्पताल लगायत सबै संघीय अस्पतालमा जनशक्ति थप गरी पूर्ण क्षमतामा सञ्चालनमा ल्याई हाल जनताले भोगिरहेका आइसीयु, अपरेसन, आकस्मिक सेवाको अभावलाई पूरा गरी जनतामा स्वास्थ्य सेवाको छिट्टो र सहज सेवा पाउने व्यवस्था मिलाउने ।

१२) सबै अस्पतालको सेवाको एकीकृत जानकारी गराउने प्रविधि ( सफ्टवेयर) बनाई सेवा र सुविधाको पारदर्शिता गराउने ।

१३) चिकित्सक, स्वास्थ्यकर्मीलगायत युवा जनशक्तिको विदेश पलायन रोक्न विशेष कार्यक्रमहरू तत्काल ल्याइनुपर्ने ।

१४) हाल तीब्ररूपमा बढिरहेको आत्महत्या नियन्त्रणको लागि स्वास्थ्य मन्त्रालयको नेतृत्वमा बहुपक्षीय समन्वय संयन्त्र बनाई आत्महत्या दर न्यूनीकरण गर्नको लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।

१५) दिन प्रतिदिन तीब्ररूपमा बढिरहेको सडक दुर्घटनाबाट भएको मानवीय क्षति र अङ्ग भङ्गलाई कम गर्नका लागि राजमार्गको रणनैतिक क्षेत्रहरूमा ट्रमा सेन्टर स्थापना गर्दै नियन्त्रणको लागि स्वास्थ्य मन्त्रालयको नेतृत्वमा बहुपक्षीय समन्वय संयन्त्र बनाई तत्काल कार्य प्रारम्भ गर्ने ।

१६) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूले विगत लामो समयदेखि नियमित तलब भत्ता भुक्तानी समेत पाएका छैनन् । त्यस्ता स्वास्थ्यकर्मीहरूलाई तत्काल तलब भत्ता भुक्तानी दिने व्यवस्था मिलाउनुपर्ने । साथै, आगामी आर्थिक बर्षदेखि स्वास्थ्यकर्मीको तलब भत्ता सःशर्त अनुदानमा नराखी वित्तीय सामान्यीकरण अनुदान शीर्षकअन्तर्गत राखी पठाउनुपर्ने ।

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश




## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश




# चित्रकार यादवको फिनल्याण्डमा पनि मिथिला कला प्रदर्शनी



काठमाडौं । युरोप भ्रमणमा रहनुभएकी मिथिला चित्रकार रन्जु यादवको अर्को एकल मिथिला चित्रकला प्रदर्शनी फिनल्याण्डमा आइतबार सम्पन्न भएको छ ।

गैरआवासीय नेपाली संघ (एनआएनए) फिनल्याण्डको आयोजनामा फिनल्याण्डको राजधानी हेलसिन्कीमा एक दिवसीय चित्रकला प्रदर्शनी सम्पन्न भएको हो । युरोप भ्रमणको क्रममा चित्रकार यादवको यो अन्तिम मिथिला कला प्रदर्शनी थियो ।

प्रदर्शनीमा चित्रकार यादवका ४० वटा मिथिला चित्र राखिएका थिए । उनका चित्रहरु नेपाली समाज र संस्कृतिका राम्रा पक्षको उजागर र नराम्रा पक्षमाथि प्रहार गर्ने खालका हुन्छन् ।

जर्मनी, डेनमार्क र फिनल्याण्डमा आफ्ना मिथिला चित्रहरु प्रदर्शन गर्न चित्रकार यादव गत वैशाख ६ गते ३३ दिनका लागि युरोप कला यात्रामा गएकी हुन् ।

नेपाली समाज जर्मनीको आयोजनामा गत वैशाख ८ गते जर्मनीको फ्र्यान्कफर्टमा उनको एकल चित्रकला प्रदर्शनी भएको थियो । त्यसपछि बर्लिनको नेपाली दूतावासमा पनि एक दिनका लागि उनका चित्रहरु प्रदर्शनीमा राखिएको थियो ।

यस्तै, जेठ ११ र १२ गते डेनमार्कको राजधानी कोपनहेगनमा उनको दुई दिवसीय एकल चित्रकला प्रदर्शनी आयोजना गरिएको थियो । त्यसलाई डेनमार्कस्थित नेपाली दुतावास, एनआएनए डेनमार्क र रेस्टुरेन्ट नेपाली भान्छाले संयुक्त रुपमा आयोजना गरेको थियो ।

त्यसअघि एनआएनए डेनमार्कले आयोजना गरेको एक दिवसीय मिथिला आर्ट वर्कशपमा चित्रकार यादवले करिब पचास जना नेपाली र भारतीय बालबालिका र उनका अभिभावकलाई मिथिला चित्र बनाउन सिकाएकी थिइन् ।

# भूमिहीनलाई भवन निर्माण गरी हस्तान्तरण

सुनसरी । सुनसरीको गढी गाउँपालिका वडा नम्बर २ झोराटोल औराबनीस्थित विपन्न परिवारका २० घरपरिवारलाई नयाँ घर निर्माण गरी हस्तान्तरण गरिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगबती चौधरीले आज एक कार्यक्रमकाबिच उक्त बस्तीमा निर्माण भएको भवन परिवारलाई हस्तान्तरण गरेकी हुन् ।

त्यहाँस्थित भूमिहीन दलित/आदिवासी जनजाति तथा अति विपन्न परिवारहरूका लागि सुरक्षित भूमि (भूमिहीन परिवारलाई भूमिको स्वामित्व हस्तान्तरण गर्ने गरी) र सुरक्षित आवास निर्माण गर्ने उद्देश्यले सुरक्षित आवास परियोजना अन्तर्गत गढी गाउँपालिका औराबनी, ह्याविट्याट फर ह्युम्यानिटी इन्टरनेशनल नेपाल र सङ्कल्प नेपालले संयुक्त रूपमा उक्त भवन निर्माण सम्पन्न गरेको हो ।

गढी गाउँपालिकाले उपलब्ध गराएको जग्गामा भवन निर्माण गरी विपन्न परिवारलाई हस्तान्तरण गरिएको हो । २०७९ पुस २० गते सम्झौता भएको उक्त परियोजना २०८० फागुन २५ गते सम्पन्न भएको हो ।

विपन्न परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्य अन्तर्गत निर्माण गरिएका भवनमा २ वटा कोठा, बरन्डा, भान्सा घर, शौचालय रहेका छन् ।

गढी गाउँपालिकाको ४९ लाख ५० हजार रुपैयाँ, ह्याविट्याट फर ह्युम्यानिटी नेपालको ४० लाख दुई रुपैयाँ, सङ्कल्प नेपालको १८ लाख रुपैयाँ लागत तथा घरधनीको श्रमदान ६ लाख रुपैयाँ बराबर सहित १ करोड ७ लाख ५० हजार २ रुपैयाँ कुल लागतमा उक्त भवन निर्माण परियोजना सम्पन्न भएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**वीरगन्ज महानगरपालिका**
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**मटिहानी नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बसबरीया गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

# विश्व परिवेश

## अन्टार्कटिक सन्धि परामर्शदाता बैठक




४६ औं अन्टार्कटिक सन्धि परामर्शदाता बैठक र वातावरण संरक्षण समितिको २६ औं बैठक मे २० देखि मे ३०, २०२४ सम्म भारतको कोचीमा चलिरहेको छ, जसले अन्टार्कटिकाको वातावरण संरक्षणका लागि विश्वव्यापी प्रयासहरूमा महत्वपूर्ण कोसेढुङ्गाको रूपमा चिन्ह लगाउँदैछ। नेशनल सेन्टर फर पोलार एण्ड ओशन रिसर्चद्वारा अन्टार्कटिक सन्धि सचिवालयको सहयोगमा आयोजना गरिएको यो बैठकले अन्टार्कटिकामा विज्ञान, नीति, शासन र वातावरणीय संरक्षण सम्बन्धी प्रमुख मुद्दाहरूमा छलफल गर्न लगभग ४० राष्ट्रका ३५० भन्दा बढी सहभागीहरूलाई ल्याएको छ। ।
सन् १९८३ देखि अन्टार्कटिक सन्धिको सल्लाहकार पक्षको रूपमा भारतले अन्टार्कटिकामा पर्यटन नियमनमा केन्द्रित छलफललाई सहजीकरण गर्न अग्रणी भूमिका खेल्दै आएको छ। यो पहलले महाद्वीपको उत्तरदायी भण्डारीप्रति भारतको प्रतिबद्धतालाई जोड दिन्छ र अन्टार्कटिकामा वैज्ञानिक अन्वेषण र वातावरणीय संरक्षणलाई नियन्त्रण गर्ने प्रमुख खेलाडीको रूपमा आफ्नो स्थिति झल्काउँछ।
पृथ्वी विज्ञान मन्त्रालयका सचिव एम रविचन्द्रनले अन्टार्कटिकाको पारिस्थितिक अखण्डताको संरक्षण गर्ने र भविष्यका पुस्ताको फाइदाको लागि अनुसन्धान र पर्यटनलगायत सबै गतिविधिहरू दिगो रूपमा सञ्चालन हुने कुरा सुनिश्चित गर्ने महत्त्वमा जोड दिए। २०२२ मा लागू गरिएको भारतीय अन्टार्कटिक ऐन सहित भारतको कानुनी ढाँचाले यसको पर्यटन नियमहरूलाई अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मिलाउँछ र साझा संरक्षण लक्ष्यहरू हासिल गर्ने लक्ष्य राख्छ। अन्टार्कटिकामा पर्यटन गतिविधिहरूको बृद्धिले एक व्यापक पर्यटन ढाँचा सिर्जना गर्न समर्पित कार्य समूहको स्थापना गर्न प्रेरित गरेको छ, पहिलो पटक यस्तो समूह विशेष रूपमा पर्यटन नियमनलाई सम्बोधन गर्न गठन गरिएको हो। अन्टार्कटिक सन्धि परामर्शदाता बैठक र वातावरण संरक्षण समितिमा छलफलहरूले अन्टार्कटिकाको अद्वितीय वातावरण संरक्षण गर्दै पर्यटन गतिविधिहरू विनियमित गर्न कार्ययोग्य सिफारिसहरू विकास गर्नमा केन्द्रित हुनेछ।
भारतको अन्टार्कटिक अनुसन्धान र अन्तर्राष्ट्रिय सहयोगको इतिहासले यस क्षेत्रमा वैज्ञानिक ज्ञान र वातावरणीय भण्डारीलाई अगाडि बढाउने आफ्नो प्रतिबद्धतालाई जोड दिन्छ। देशले अन्य अन्टार्कटिक सन्धि राष्ट्रहरूसँग सहकार्यात्मक अध्ययनहरूमा महत्त्वपूर्ण योगदान गर्दै प्रमुख सम्मेलनहरू र अभियानहरू आयोजना गरेको छ।
बैठकहरू अगाडि बढ्दै जाँदा, अन्टार्कटिकामा वैज्ञानिक अनुसन्धान र अन्तर्राष्ट्रिय सहयोगलाई थप प्रवर्द्धन गर्दै, अन्टार्कटिक सन्धि प्रणालीमा परामर्शदाता पक्षहरूको रूपमा क्यानाडा र बेलारुसलाई सम्भावित समावेश गर्नका लागि भारतले एउटा मञ्च पनि प्रदान गर्नेछ।
अन्टार्कटिक पर्यटन नियमन गर्न विशेष कार्य समूहको निर्माण र मुख्य मुद्दाहरूमा चलिरहेको छलफलको साथ, ४६ औं अन्टार्कटिक सन्धि परामर्शदाता बैठक र २६ औं वातावरण संरक्षण समिति बैठकहरू अन्टार्कटिक शासनको भविष्यलाई आकार दिन र यस प्राचीन महाद्वीपको दिगो अन्वेषण सुनिश्चित गर्न तयार छन्। –इण्डिया न्यूज नेटवर्क

## हेलिकप्टर दुर्घटनामा इरानका राष्ट्रपतिको निधन

इरानका राष्ट्रपति इब्राहिम रायसी र विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियानको हेलिकोप्टर दुर्घटनामा निधन भएको छ। आइतबार हेलिकप्टर दुर्घटनामा परेका उनको अवस्था अज्ञात थियो। समाचार एजेन्सी रोयटर्सका अनुसार एक इरानी अधिकारीले दुर्घटनामा हेलिकप्टर पूर्णरुपमा जलेको र हेलिकप्टरमा रहेका सबैको निधन भएको बताएका छन्।
दुर्घटनाग्रस्त हेलिकप्टरमा इरानी राष्ट्रपति इब्राहिम रायसी, विदेशमन्त्री होसेन अमीर-अब्दुल्लाहियान, इरानको पूर्वी अजरबैजान प्रान्तका गभर्नर मलिक रहमाती, पाइलट, सुरक्षा प्रमुख र चालक दलका सदस्य थिए।


राष्ट्रपति रायसी क्विज कालासी र खोडाफरिन बाँधको उद्घाटन गर्न अजरबैजान गएका थिए। बाँध उद्घाटन लगत्तै उनी तबरिज सहरतर्फ लागेका थिए।

इरानको पूर्वी अजरबैजान प्रान्तको राजधानी तबरिज जानेक्रममा हेलिकप्टर बाटैमा दुर्घटनाग्रस्त भएको थियो।
दुर्घटना भएको ठाउँमा भिजिबिलिटी निकै कम छ रहेको बीबीसीले लेखेको छ।
बाक्लो कुहिरोका कारण भिजिबिलिटी कमजोर हुँदा उद्धार प्रभावित भएको थियो। उद्धारकर्मी सोमबार बिहान मात्र घटनास्थल पुगेका थिए। दुर्घटना स्थलको मौसम निकै खराब रहेकाले उद्धार टोलीलाई घटनास्थलसम्म पुग्न निकै कठिनाइ भएको थियो।
टर्कीले राष्ट्रपति इब्राहिम रायसीको हेलिकप्टर पत्ता लगाउन ड्रोन पठाएको थियो। टर्कीको समाचार एजेन्सी अनादोलुले एक ठाउँमा अत्यधिक तापको स्रोत भेट्टाएको तस्वीर सार्वजनिक गरेको थियो। टर्कीले प्राप्त गरेको यो सूचना इरानलाई जानकारी गराएको थियो। उद्धारमा विभिन्न देशले रुचि देखाएका थिए। रुसी सरकारी सञ्चारमाध्यमका अनुसार उद्धारका लागि ४७ विशेषज्ञको टोली र एक हेलिकप्टर पठाइएको थियो। युएईले पनि सहयोग गरेको छ।
केही इरानीहरूले सामाजिक सञ्जालमा काफिलाका दुई हेलिकप्टर सकुशल पुग्ने र राईसीको हेलिकप्टर कसरी दुर्घटना भयो भनेर प्रश्न उठाइरहेका छन्।

# जिल्ला समाचार

## हत्या गरेको अभियोगमा पक्राउ

धनुषा। धनुषाधाम नगरपालिका-९ क्वाटर टोल बस्ने लालबाबु कापरकी छोरी १२ वर्षीया ललिता कुमारी कापरको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ६५ वर्षीय प्रेम बहादुर तामाङलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ। ललिताले आफ्नै फुपुको बारीमा फोहोरको थुप्रोमा आगो बालेको विषयमा प्रेम बहादुरले बैशाख २७ गते कुटपिट गर्दा गम्भीर घाइते भएकी ललिताको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय यज्ञभूमिबाट खटिएको प्रहरीले प्रेम बहादुरलाई पक्राउ गरेको हो।

## दुई मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

वीरगन्ज। पोखरीया नगरपालिका-९ बैरीयास्थित सडकमा दुई मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु भएको छ। मधेश प्रदेश-०३-०३१ प ९६७५ नम्बरको मोटरसाइकल र ना.२८ प ९४४३ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बिहीबार राति दुर्घटना हुँदा ना.२८प ९४४३ नम्बरको मोटरसाइकलमा सवार वीरगंज महानगरपालिका-१९ केहुनिया बस्ने २२ वर्षीय ईरफान मियाँको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि निलकण्ठ अस्पताल वीरगंजतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका मधेश प्रदेश-०३-०३१ प ९६७५ नम्बरको मोटरसाइकलमा सवार ३ जनाको नेशनल मेडिकल शिक्षण अस्पताल वीरगंज र ना.२८प ९४४३ नम्बरको मोटरसाइकलका चालकको नारायणी अस्पताल वीरगंजमा उपचार भइरहेको छ।

## ट्रकले मोटरसाइकललाई ठक्कर दिंदा एकको मृत्यु

कपिलवस्तु। जिल्लाको शिवराज नगरपालिका ५ चन्द्रौटा बालापुर मोडमा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ। ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार बुद्धभूमि नगरपालिका-९ का ५५ वर्षीय जलेश्वर प्रसाद थारुको मृत्यु भएको हो। पूर्वबाट पश्चिम जाँदै गरेको ना ६ ख ६५६२ नम्बरको ट्रकले विपरीत दिशाबाट आउँदै गरेको लु १६ प ७५९९ मोटरसाइकललाई ठक्कर दिएको थियो।

## करेन्ट लागेर एकको मृत्यु

नवलपरासी पश्चिम्। पश्चिम नवलपरासीमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। जिल्लाको सरावल गाउँपालिका-३ श्रीनगरका निवासी बर्ष ३० का प्रदीप चौधरीको करेन्ट लागेर मृत्यु भएको हो। धारामा मोटर लगाएर पानी तान्ने क्रममा चौधरीलाई करेन्ट लागेको प्रहरीले जनाएको छ। गम्भीर घाइते भएका चौधरीलाई उपचारको लागि जिल्ला अस्पताल परासी लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जनाएको छ।

## ऋण लिएर तिर्दैन भन्न मिल्दैन : मन्त्री चौधरी


सुनसरी। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगबती चौधरीले बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण लिएर तिर्दैन भन्न नमिल्ने बताएकी छन्। फरवार्ड माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको ११औँ वार्षिक उत्सवलाई सम्बोधन गर्दै मन्त्री चौधरीले त्यस्तो बताएकी हुन्।
केही व्यक्तिहरूले ऋण मिनाहाको कुरा उठाएर ऋणीहरूलाई उक्साउने काम गरेको भन्दै उनले तर त्यो असम्भव कुरा भएको बताइन्। दुर्गा प्रसाईं, मणिराम ज्ञवाली जस्ता व्यक्तिहरूले गलत अभियान लिएर अगाडि बढेको भन्दै मन्त्री चौधरीले यसले ऋणीहरूलाई झन् समस्यामा पार्ने बताइन्। यस्ता खाले गतिविधिले मुलुकको अर्थतन्त्रलाई ध्वस्त बनाउने भन्दै उनले सही तरिकाले कसरी समस्या समाधान गर्ने भन्ने कुरा लिएर अगाडि बढ्नुपर्ने बताएकी छन्।
'सही तरिकाले सही माग लिएर अगाडि बढेमा राम्रो हुन्छ। तर अर्थतन्त्र नै ध्वस्त गराउन खोज्छ भविष्यमा त्यो आफैँ ध्वस्त हुन्छ। त्यसकारण हामीले अरूको बहकाउमा लागेर आफ्नो खुट्टामा आफैँ बन्चरो हान्नु हुँदैन', मन्त्री चौधरीले भनिन्, 'हामी सुझबुझपूर्ण तरिकाले लाग्नुपर्छ। बरु तपाईंहरूले हामीलाई तपाईंहरूका सुख दुखबारे भन्नुस्। आफ्नो सुखदुख पनि भन्नुपर्छ। वित्तीय संस्था राम्रो हुनु भनेको सदस्यहरूकै कारणले भएको हो। सदस्यहरू यहाँ सहभागी भएर, तपाईंहरूले रिन लिएर न लघुवित्त फस्टाएको छ।'
राष्ट्र बैङ्कले वित्तीय संस्थाको नियमन गर्ने भन्दै उनले राष्ट्र बैङ्कको नियमबाहिर गएर कुनै पनि वित्तीय संस्था जान नसक्ने बताइन्। 'अहिले लघुवित्त संस्थाहरू छ र त गाउँ-गाउँमा दिदीबहिनीहरूले सानोतिनो ऋण लिएर व्यवसाय गर्न पाउनुभएको छ। अन्य साना तिना खर्च चलाउन पाउनुभएको छ', मन्त्री चौधरीले भनिन्।
देशभर ५९ लाख व्यक्तिहरू लघुवित्तमा आबद्ध रहेको भन्दै मन्त्री चौधरीले केही व्यक्तिहरूले चर्चाका निम्ति ऋण मिनाहाको माग लिएर हिँडिरहेको बताइन्।
संस्थालाई पनि जोगाउनुपर्ने भन्दै मन्त्री चौधरीले अर्थतन्त्रलाई समस्यामा पार्नेखालको गतिविधि गर्न नहुने बताइन्। 'अर्थतन्त्र नै ध्वस्त हुने खालको गलत माग राख्ने कुरा राम्रो होइन। त्यो औचित्यविहीन छ, उहाँले भन्नुभयो, 'त्यस कारणले राष्ट्र बैङ्कले यो हुनै सक्दैन। यो औचित्यविहीन हो भनेको छ।'
लघुवित्तमा केही कमीकमजोरी भएको भन्दै उनले सबै लघुवित्तहरू राम्रा नभए पनि संस्थाभित्र रहेका कमीकमजोरीहरूका विषयमा संस्थाको भेला, बैठकहरूमा केही सहुलियत दिनुस् भनेर माग गर्नु स्वाभाविक कुरा रहेको बताइन्।
संस्थालाई कसरी जोगाउने भन्ने जिम्मेवारी सदस्यहरूको पनि भएको भन्दै उनले समस्या आएपछि समस्याको समाधान खोज्न अन्य उपायहरू खोज्न सकिने बताइन्।
'ऋण लिइसकेपछि रिन नै मिनाहाको कुरा गर्नु उचित हुँदैन। यो औचित्य विहीन कुरा हो। त्यसको कुनै अर्थ छैन। रिन मिनाहाको माग गर्दै उनीहरूको पछि लाग्नु उल्टै आफूलाई समस्यामा पार्नु हो', उनले भनिन्।
धेरै संस्थाहरूबाट ऋण लिँदा पनि समस्या उत्पन्न भएको उनको भनाई थियो। संस्थाबाट ऋण लिएको पैसा उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्दा बैङ्क, वित्तीय संस्था तथा सहकारीको पैसा उठ्न नसकेको उनको भनाई थियो।


उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने तथा सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै अस्पतालमा आइ स्वास्थ्य परीक्षण गराउनुहोस्।

नेपाल सरकार, स्वास्थ्य मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

# आजपा निकट बुद्धिजीवी मोर्चाको उपत्यका कमिटी गठन

काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम बुद्धिजीवी मोर्चाको काठमाडौं उपत्यका कमिटी गठन भएको छ । सरोज महतोको अध्यक्षतामा गठन भएको कमिटीको इन्चार्जमा भरतप्रसाद साह रहेका छन् । कमिटीको सचिवमा सुशिल महतो रहेका छन् । यस्तै सदस्यहरुमा गणेश शाह, भरत ठाकुर, शलेन्द्र बस्नेत, डा.सोनी महासेठ, डा.रञ्जन शाह, ई.दिनेश चौधरी, ई.लभ सिंह, ई.राजदेव शाह, ई.ओपिन्द्र राय, र्ई.रवि शाह रहेका छन् । बुद्धिजीवी मोर्चाका केन्द्रीय अध्यक्ष नवीन महतोले जारी गरेको बिज्ञप्तीमा सदस्यहरुमा राजेन्द्र चौधरी, परसुराम भट्टराई, अनन्त रंजन शाह, छविलाल मण्डल, नितु शाह, नगेन्द्र मण्डल, अमृता महतो, दिनेश अधिकारी ई.पंकज पंजियार, दिव्या लामा, उपेन्द्र ठाकुर, मुकेश महासेठ लगायतका रहेका छन् ।














पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं